# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १३३ | काठमाडौं | आइतबार, १९ भदौ २०७९ | Prabhab National Daily, | Sunday, September 4, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## निर्वाचन सुरक्षामा तीन लाख खटिने

■ नारायण ढुंगाना

**काठमाडौं-** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचनमा झण्डै तीन लाख जनशक्तिले सुरक्षा प्रदान गर्ने भएका छन् ।

निर्वाचनमा नेपाल प्रहरीका ७१ हजार ६९३ जनशक्तिका साथै एक लाख १५ हजार म्यादी प्रहरी परिचालन गरिने भएको छ। नेपाली सेनाले विगतकै हाराहारीमा ७१ हजार जनशक्ति खटाउने आन्तरिक रणनीति तयार पारेको छ। सशस्त्र प्रहरीले भने ३५ हजार जनशक्ति परिचालन गर्ने जनाएको छ ।

राष्ट्रिय अनुसन्धान विभागका दुई हजार बढी परिचालन हुने छन्। सबै गरेर दुई लाख ९४ हजार ७०० भन्दा बढीले निर्वाचनको पहरा दिने योजना बनाइएको छ। यद्यपि, केन्द्रीय सुरक्षा योजनाअनुसार संख्यामा केही हेरफेर हुनसक्ने सुरक्षा अधिकारीहरूको भनाइ छ ।

गृह मन्त्रालयले निर्वाचनको केन्द्रीय सुरक्षा योजनालाई अन्तिम रुप दिइनसके पनि नेपालका चारवटै सुरक्षा निकायका विगतका अनुभव र यसपालि आउनसक्ने सुरक्षा चुनौती आकलन गरेर आन्तरिक रणनीति निर्माण गरी निर्वाचनको तयारी थालेको छ ।

नेपाली सेनाको एक फौज भने मतपत्र छपाइको सुरक्षामा खटिइसकेको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग पनि आफ्नो जिम्मेवारीमा लागिसकेका छन् । निर्वाचनको पहिलो घेरामा नेपाल प्रहरी रहने छ । त्यसपछि सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेनाले पहरा दिनेछ । विभाग भने सूचना संकलनमा खटिनेछ ।

गत वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनमा भन्दा यसपटक नेपाल प्रहरीका १० हजार र म्यादीका १५ हजार जनशक्ति थप गरिएको छ। त्यसबेला नेपाल प्रहरीका ६१ हजार र म्यादी प्रहरी एक लाख खटाइएको थियो । सशस्त्र प्रहरीतर्फ निर्वाचनका लागि तीन हजार (बाँकी पृष्ठ ५ मा)

## करोडौं ठगीका अभियुक्त 'भिआइपी कक्ष'मा

त्रिभुवन विमानस्थलको भिआइपी कक्षबाट मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीको गाडी चढेर नक्सालस्थित होटल मेरियट पुगेका रिजवनलाई प्रहरीले सोही होटलबाट पक्राउ गरेको छ । उनीमाथि पाइलट पढाइदिने भन्दै एक करोड ६८ लाख रुपैयाँ ठगी गरेको अभियोग छ ।

■ आरके शाही

**काठमाडौं-** शुक्रबार बिहान ८:४५ बजे फ्लाई दुबईको जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भयो । जहाजमा थिए, अरब संसद्का उपाध्यक्ष मोहमद अहमद अल्हामी र युएईका फेडरल नेसनल काउन्सिल सदस्य महमद हमाद मोहमद अब्बुसेब अल्सुमाइदीसहित पाँच जना । जसलाई मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीले नेपाल भ्रमणका लागि निम्तो दिएका थिए । अन्सारीको निम्तो स्वीकारेर नेपाल आएका उनीहरूलाई स्वागत गर्न अन्सारी विमानस्थलमै पुगेका थिए ।

दुबईबाट आए ती पाँच भिआइपीसँगै थिए, सुनसरीका ३० वर्षीय रिजवान आलम । जसले भिआइपी कक्ष प्रयोगमात्र गरेनन्, आफ्नाबारे विमानस्थलका कर्मचारीले चाल पाएपछि त्यही टोलीसँग 'टाप' कसे । खासमा उनी करोडौं ठगीका फरार अभियुक्त थिए । जसलाई प्रहरीले खोजिरहेको थियो । काठमाडौं जिल्ला अदालतमा मुद्दा विचाराधीन थियो । उनी दुबईमा छन् भन्ने थाहा पाएपछि नेपाल प्रहरीले इन्टरपोललाई समेत गुहारेको थियो ।



त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भिआइपी कक्षमा विदेशी पाहुनाहरुसँगै प्रवेश गरेका फरार अभियुक्त रिजवन आलम (रातो घेरामा) । *सिसिटिभी फुटेजबाट प्राप्त तस्बिर*

तर, तिनै अभियुक्त रिजावान विमानस्थलबाट उम्किएर मुस्लिम आयोगका अध्यक्ष अन्सारीकै गाडीमा चढेर नक्सालस्थित होटल मेरिट पुगेको पाइएको छ। उनी दिनभर त्यहीं बसे। बल्ल राति १० बजेतिर काठमाडौं उपत्यका अपराध महाशाखाको टोलीले होटलमा 'लुकेको' अवस्थामा पक्राउ गऱ्यो । पक्राउ परेका रिजवानमाथि आज (आइतबार)देखि थप कारबाही अघि बढ्नेछ। पक्राउ परेको भोलिपल्ट शनिबार परेको हुँदा उनको केस बढ्न नसकेको हो। रिजवान प्रहरी नियन्त्रणमै छन् ।

### भिआइपी कक्षमा यसरी छिरे रिजवान

अरब संसद्का उपाध्यक्ष मोहमद अहमद अल्हामीको टोलीलाई लिन परराष्ट्र मन्त्रालयले व्यवस्था गरेको हायस धावनमार्गमै पुगेको थियो । रिजवान अल्हामीको टोलीसँगै सोही हायसमा चढेर भिआइपी कक्षमा पुगे । उनीहरूलाई स्वागत गर्न आयोगका अध्यक्ष अन्सारी, नेपालका लागि युएईका राजदूत सैयद हमदान अल नकबीलगायत विमानस्थलमा पुगेका थिए । दूतावासले गरेको पत्राचारका आधारमा पाँच जनाका लागि भिआइपी लाउन्जको पास परराष्ट्र मन्त्रालयबाट जारी भएको थियो । तर, ठगी आरोपी छैटौं व्यक्ति रिजवान पनि उनीहरूसँगै सीधै भिआइपी (बाँकी पृष्ठ ५ मा)

## चार महिनापछि खाली हुँदै 'ट्रान्सफर स्टेसन'

■ प्रभाव संवाददाता

**काठमाडौं-** टेकुस्थित ट्रान्सफर स्टेसनको फोहोर आज आइतबार बिहानसम्ममा सकिने भएको छ। उक्त स्टेसनमा फोहोर थुपारिएको फोहोर चार महिनापछि अन्तिम व्यवस्थापन हुने भएको हो ।

सिसडोल र बञ्चरेडाँडाका स्थानीयवासीले विगतमा महानगरसँग भएको सम्झौताअनुसार सडक मर्मतको काम समयमा नै सम्पन्न नगरेको, स्थानीयवासीलाई स्वास्थ्य, शिक्षा, रोजगारीको व्यवस्थाजस्ता माग पूरा नगरेको भन्दै कहिले फोहोर बोकेको गाडी तोडफोड र कहिले सडक नै अवरोध गरेपछि विगत चार महिनादेखि काठमाडौं उपत्यकाको फोहोर टेकुमा अल्पकालीन व्यवस्थापन गरिएको थियो ।

यसरी लामो समयसम्म फोहोरको अन्तिम व्यवस्थापनको काम हुन नसक्दा ट्रान्सफर स्टेसनमा मात्र होइन, काठमाडौं उपत्यका अन्य सडक किनारामा पनि जतातत्तै फोहोर नै फोहोर थियो। उपत्यकाको फोहोर व्यवस्थापनका सम्बन्धमा यही भदौ पहिलो साता काठमाडौं, धादिङ र नुवाकोटका प्रमुख जिल्ला अधिकारी, सिसडोल र बञ्चरेडाँडाका स्थानीयवासीबीच भएको चारबुँदे सहमतिपछि भदौ पहिलो सातादेखि फोहोर व्यवस्थापन कार्य हुन थालेको हो ।

सहमतिपछि यसअघि सडकमा थुपारिएको फोहोर व्यवस्थापनको काम सकिएको छ भने आजदेखि ट्रान्सफर स्टेसनमा चार महिनादेखि थुपारिएको फोहोर पनि पूर्णरूपमा व्यवस्थापनको काम सकिने कामपाका प्रमुख बालेन्द्र शाहको सचिवालय सदस्य सुनिल लम्सालले जानकारी दिए ।

गत वैशाख १२ गतेदेखि टेकुमा थुपारिएको फोहोरको व्यवस्थापन हुनसकेको थिएन । स्थानीयवासीको अवरोधकै बीच विगत चार महिनाको अवधिमा बढीमा १५ दिन फोहोरको व्यवस्थापन भए पनि अन्य दिन एक गाडी पनि फोहोरको व्यवस्थापन हुन नसकेको कामपाको भनाइ छ । उक्त स्थानमा राखिएको फोहोर व्यवस्थापनको काम सकेसँगै अब नागरिकको घरबाट निस्किएको फोहोर सीधै बञ्चरेडाँडा लगिने लम्सालले जानकारी दिए ।

यसअघिको फोहोरसमेत व्यवस्थापन गर्नुपर्ने भएकाले अहिले साविकमा भन्दा बढी दैनिक ३०० गाडी फोहोर अन्तिम व्यवस्थापनका लागि बञ्चरेडाँडा पुग्ने गरेको छ। हाल कामपासहित अन्य १७ स्थानीय तहको फोहोरको अन्तिम व्यवस्थापन बञ्चरेडाँडामा हुने गरेको छ । पछिल्लो समय थप पेचिलो सवाल बन्दै आएको संघीय राजधानी काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनका लागि कामपाले उपत्यकामा नै कुहिने फोहोर व्यवस्थापन गर्न भन्दै स्थान पहिचानको काम गरिरहेको बताएको छ ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## वैदेशिक रोजगारीबाट फर्किएर 'बाख्रापालन'

■ विष्णुप्रसाद घिमिरे

**तानसेन (पाल्पा)-** तानसेन नगरपालिका-१२ बौघापोखराथोकका ३८ वर्षीय मुरारी पौडेलको खोरमा २० वटा बाख्रा छन् । लामो समय विदेश बसेर फर्किएका उनले १५ लाख रूपैयाँको लगानीमा बाख्राका लागि आधुनिक खोर निर्माण गरेका छन् । तीन वर्ष मलेसिया र आठ वर्ष दुबई बसेर फर्किएका पौडेल अब विदेश नजाने सोचमा छन् ।

'आफ्नै ठाउँमा केही उद्यम गर्छु भन्ने सोच बनाएर बाख्रापालन गर्न थालेको हुँ,' उनले भने, 'अहिले गाउँघरमै बसेर काम गर्दा सन्तुष्ट छु ।' तानसेनमा पौडेलजस्ता गाउँका १५ युवा उद्यमी समूहमार्फत बाख्रापालन गर्दै आएका छन् । दश जना त विदेशबाटै फर्केका युवा समूहमा आबद्ध रहेकामा पाँच जना कोरोनापछि मात्र स्वदेश फर्केका हुन् । 'आफ्नै ठाउँमा फर्केर बाख्रापालन गरी उद्यमशील बन्न पाउँदा हामी सबै उत्साही छौं,' उनले भने । बाख्रापालनका लागि लुहुङ राम्रो सम्भावना बोकेको क्षेत्र हो तर यहाँ डालेघाँस, भुइँघाँस उत्पादनका लागि आवश्यक बीउ र प्राविधिक ज्ञानको अझै समस्या छ ।

पौडेलले वार्षिक दुई लाखभन्दा बढीको बाख्रा बिक्री गर्दै आएका छन् । कतारमा दैनिक १२ घण्टा काम गर्दा ३० हजार रूपैयाँ बचाउन मुस्किल परेको बताउने पौडेलले घरमै बाख्रापालन गरेर घर खर्चसमेत धान्न सहज भएको सुनाए । 'परिवारसँगै छु, दुःख र बिमार पर्दा साथ दिएको छु, विदेशभन्दा स्वदेश नै प्यारो लागेको छ,' उनले भने ।

तानसेनमा वैदेशिक रोजगारीबाट फर्किएर कृषि र पशुपालन गर्नेहरू ४०० भन्दा बढी छन् । कोरोना संक्रमणका कारण वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई नगरपालिकाले अनुदान र प्रोत्साहन दिएपछि यहाँ वैदेशिक रोजगारीबाट फर्किएर कृषि गर्नेहरूको संख्या वढ्दो छ । वडा नं ५, अर्चलेकी ३४ वर्षीया कविता रावल दुबईमा दुई वर्ष काम गरेर घर फर्किएकी हुन् ।

'दश वर्षदेखि विदेशमा बस्ने श्रीमान्लाई यही बोलाएर कृषि तथा पशुपालन गर्ने सोच बनेको छ,' उनले भनिन्, 'दसैंमा आउनुहुन्छ, दुवै मिलेर काम गर्ने योजना बुनेको छु ।' विदेशमा भन्दा यही सफलता मिलेको रावलले बताइन् । यहाँ विदेशमा जति मिहेनत गर्नुपर्दैन, आम्दानी पनि राम्रो हुन्छ ।' कोरोना संक्रमणका कारण रोजगारी गुमाएपछि स्वदेश फर्किएकी रावल बाख्रा, भैंसी र कुखुरापालनका साथै घाँसखेती गरेर वार्षिक दुई लाख रूपैयाँ आम्दानी गर्छिन् ।

यहाँ कृषि गर्नेहरू समूहमा आबद्ध भएकी छन्, उनीहरूको समूहमा २२ महिला छन् । समूहका १८ जनाले व्यावसायिक कृषि र पशुपालन गर्दै आएका छन् । जग्गा भाडामा लिएर सामूहिक अदुवा, खुर्सानी र घाँसखेतीसमेत गर्दै आएका छन् । उनीहरूले मासिक बैठक बसेर छलफल गर्नाका साथै व्यावसायिक योजना बनाउने गर्छन् ।

शिक्षा, स्वास्थ्य र पर्यटनको गन्तव्यको परिचय बनाएको पाल्पा जिल्लाको सदरमुकामको रूपमा रहेको उक्त नगरपालिकाले कृषि र पशुपालनको परिचय पनि थप गरेको छ । संघीय संरचनापछि अधिकांश ग्रामीण वडाहरू मिलेर बनेको तानसेनमा, कोरोना संक्रमणका कारण वैदेशिक रोजगारीबाट फर्किएकाहरूलाई व्यावसायिक काममा सम्लग्न गराएको थियो । यहाँका छ सय युवाहरू वैदेशिक रोजगारीबाट फर्किएका छन् । उनीहरूलाई घरमै स्वरोजगार बनाउन नगरपालिकाले युवा कृषि र पशुपालन कार्यक्रम बनाएको थियो, जसअन्तर्गत ४०० युवा जोडिएका छन् । उनीहरूलाई १० हजारदेखि ४० हजार रूपैयाँसम्म व्यावसायिक अनुदान नगरपालिकाले दिएको छ ।

'हाम्रो सानो अनुदानमा युवाहरूले ठूलो लगानी गरी व्यवसाय सञ्चालन गरेका छन्,' नगरपालिका प्रमुख सन्तोषलाल श्रेष्ठले भने, ' तीनवटा बैंकसँग कृषकलाई जोडेका छौं, थप रकमका लागि सुलभ कर्जा कार्यक्रम सञ्चालन गरेका छौं ।' यहाँ विभिन्न बैंकहरूबाट छ करोड रूपैयाँभन्दा बढीको सुलभ कर्जा कार्यक्रम सञ्चालन भएको छ । व्यावसायिक कृषकले २४ किस्तामा ऋण फिर्ता गरिसकेका छन् ।

तानसेन कृषि तथा पशु उद्यमशीलता विकास परियोजनामा आबद्ध दुई हजार १४१ उद्यमीमध्ये ४७२ विदेशबाट फर्केका छन् । उनीहरू दुबई, कतार, मलेसिया र भारतबाट फर्केका युवा हुन् । विदेशबाट फर्केर उद्यमशील बनेका युवा २५ देखि ५० वर्ष उमेर समूहका छन् । *रासस*






अलपत्र पैदलमार्ग | ठेक्का लागेको सात वर्षपछि बौद्ध–जोरपाटी सडकको पैदलमार्ग बनाइँदै ।
*तस्बिरः पूर्णप्रसाद मिश्र/रासस*

# चाँगुनारायण नगर अस्पतालको स्तरोन्नति गरिँदै

■ प्रभाव संवाददाता

**भक्तपुर–** चाँगुनारायण नगरपालिका-४ चुच्चेढुंगास्थित स्वास्थ्यचौकीलाई नगर अस्पतालका रूपमा रूपान्तरण गरेको नगरपालिकाले अस्पताललाई स्तरोन्नति गर्नाका साथै सेवा पनि विस्तार गर्ने भएको छ ।

ग्रामीण क्षेत्रमा १५ शयचामा सञ्चालित उक्त अस्पतालमा प्रभावकारी र गुणस्तरीय सेवा विस्तार गर्ने उद्देश्यले अस्पताल सञ्चालनका लागि नगरप्रमुख जीवन खत्रीको अध्यक्षतामा चाँगुनारायण नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिएको हो ।

अस्पतालसम्म पुग्ने उकालो सडक पक्की नहुँदा निकै जोखिम रहेको, अस्पतालको एम्बुलेन्स लैजान पनि समस्या पर्ने सडकमा बिरामी ओसार्न समस्या हुने गरेको, चिकित्सकीय सेवा विस्तार हुन नसकेकाले स्थानीय बिरामी अस्पतालमा भर पर्न नसकेको गुनासो बढ्दै गएको अवस्थामा अस्पतालको सेवा, सुविधा र समस्या छानबिन गरी सात दिनभित्र यथार्थ वस्तुस्थितिसहितको प्रतिवेदन बुझाउन नगरपालिकाले निर्देशन दिएको छ ।

त्यसैगरी अस्पतालसम्म पुग्ने कच्ची सडक तत्काल पक्की गर्न, अस्पतालको आफ्नै खाता सञ्चालन गर्न, गुणस्तरीय सेवा सुविधा विस्तार गर्न यहाँका बासिन्दालाई जटिल रोगबाहेक अन्य रोगको उपचारको व्यवस्था गर्न नगरपालिकाले आवश्यक बजेटको व्यवस्था गर्ने र थप बजेट प्रदेश तथा संघीय सरकारसँग माग गर्ने गरी अस्पतालाई विस्तार गर्ने समितिले निर्णय गरेको नगरप्रमुख एवं समितिका अध्यक्ष खत्रीले जानकारी दिए । समितिका उपाध्यक्ष थापाको अध्यक्षतामा दैनिक क्रियाकलाप सञ्चालन गर्ने निर्णय पनि गरिएको छ ।

उक्त अस्पतालमा हाल २४सै घण्टा आकस्मिक, प्रसूति, ल्याब, ओपिडी, सामान्य शल्यक्रिया, बिमा फार्मेसी, खोप, परिवार नियोजन, एक्सरे, नाक, कान, घाँटी, किशोर-किशोरीमैत्री र आठ हप्तासम्मको गर्भपतन सेवाका साथै निःशुल्क औषधि वितरण, एम्बुलेन्स सञ्चालन हुँदै आएको छ । आफ्नै अक्सिजन उत्पादन सुरु गरेको उक्त अस्पतालमा प्राविधिक सामग्रीहरूको विस्तार गर्दै भेन्टिलेटरसहितको आइसियू, सिसियू, आधुनिक ल्याबलगायतको व्यवस्था गर्दै विशेषज्ञ सेवा विस्तार गर्ने योजना रहेको नगरप्रमुख खत्रीले बताए ।

अस्पताल सञ्चालन कार्यविधिअनुसार गठन भएको समितिको अध्यक्षमा नगरप्रमुख खत्री, वरिष्ठ उपाध्यक्षमा उपप्रमुख बुढाथोकी, उपाध्यक्षमा नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखाका सभापति मनोजकुमार थापा, जनप्रतिनिधि र कर्मचारी रहेको १६ सदस्यीय समिति गठन गरिएको छ ।

# कामपाको ध्यान, घरजग्गा र सम्पत्ति कर असुलतर्फ

■ शर्मिला पाठक

**काठमाडौं–** अवैधरूपमा निर्माण भएका संरचना भत्काउने काममा लागिरहेको काठमाडौं महानगरपालिकाको ध्यान अब लामो समयदेखि उठ्न नसकेको घरजग्गा र सम्पत्ति कर उठाउनेतिर पनि मोडिएको छ ।

विगत २९ वर्षदेखि घरजग्गा र सम्पत्ति कर नतिर्ने ठूला करदातालाई फेरि ताकेता गरी यसअघि असुलउपर गर्नुपर्ने सम्पूर्ण बक्यौता रकम लिने तयारीमा कामपा लागिपरेको छ । २९ वर्षको अवधिमा घरजग्गा र सम्पत्ति कर नतिर्नेमा ठूला-ठूला व्यवसायी र सार्वजनिक संस्थान बढी रहेको पनि कामपाले जानकारी गराएको छ । 'उक्त शीर्षकको करस्वरूप कामपाले ५० करोड रूपैयाँ बक्यौता असुल गर्नुपर्ने छ,' कामपाको राजस्व विभाग प्रमुख डा. विश्वराज अधिकारीले भने, '७० करोड रूपैयाँ रकम असुल गर्नुपर्ने थियो, गत वर्ष २० करोड असुल गरियो । अब ५० करोड रूपैयाँ बाँकी छ यो वर्ष कुनै पनि हालतमा उक्त रकम उठाएर छोड्ने कामपाको तयारी छ ।'

गत वर्ष पनि कामपाले बक्यौता रकम असुलको सम्बन्धमा सार्वजनिक सूचना जारीसँगै बाजागाजासहित सम्बन्धित संस्थालाई पटक-पटक जानकारी गराएको थियो । उक्त सूचनाको




आधारमा केही संस्था सम्पर्कमा आएर कर तिरे पनि अझै धेरै संस्था सम्पर्क गर्नसम्म नआएकाले कामपा यसपटक थप कडाइका साथ रकम असुल गर्नेतर्फ लागेको हो । कामपाको सक्रियतापछि लामो समयदेखि असुल हुन नसकेको रकम उठ्न थालेको तथा केहीले विवरण बुझाएर रकम असुल गर्ने मिति तय गरेको कामपा राजस्व विभाग प्रमुख अधिकारीले जानकारी दिए ।

### पहिलो चरणमा पत्राचार

यसका लागि कामपाले पहिलो चरणमा पत्राचार गर्ने तयारी गरेको छ । यो काम आगामी हप्ता गर्ने तयारीअनुरूप काम भइरहेको डा. अधिकारीले बताए । पत्राचारका आधारमा सम्पर्कमा आएर पनि कर बुझाउन आनाकानी गरे दोस्रोपटक माइकिङ गरेर जानकारी दिने र त्यसको पनि बेवास्ता गरे महानगरबाट प्रवाह हुने सेवा रोक्ने र तालाबन्दी गर्ने तयारी कामपाको रहेको छ ।

### फनपार्कले बुझायो मनोरञ्जन कर

भृकुटीमण्डपस्थित फनपार्कले १९ लाख ५७ हजार रूपैयाँ मनोरञ्जन र व्यवसाय करको रकम बुझाएको छ । पत्राचार गरेको छ घण्टा बित्न नपाउँदै करस्वरूप बुझाउनुपर्ने उक्त रकम बुझाइएको हो । मनोरञ्जन कर बुझाए पनि बहाल करबाट असुल हुनुपर्ने रकम भने असुल भएको छैन । समाज कल्याण परिषद्ले तिर्नुपर्ने उक्त रकमका लागि पनि कामपाले परिषद्लाई पत्राचार गरेको छ । उक्त शीर्षकको कर करिब ४० करोड रूपैयाँ रहेको कामपाको भनाइ छ ।

### कर नतिर्नेमा बढी सार्वजनिक संस्थान

विगत २९ वर्षदेखिको करस्वरूपको बक्यौता नतिर्नेमा सबैभन्दा बढी सार्वजनिक संस्थान रहेका छन् । पछिल्लो समय नेपाल विद्युत् प्राधिकरण कर तिर्नका लागि कामपासँग सम्पर्कमा आएको भए पनि अन्य धेरै सार्वजनिक संस्थान विवरण लिएर सम्पर्कमासमेत नआएका कामपाको भनाइ छ । यसरी कर नतिर्ने साझा भण्डार, राष्ट्रिय नाचघर, चेम्बर भवन, कर्मचारी सञ्चय कोष, खाद्य संस्थान, कृषि सामग्री कम्पनी, नेपाल सेयर मार्केटलगायत छन् ।

त्यसैगरी ह्वाइट फिल स्कुल, रञ्जना ट्रेड सेन्टर, मनमोहन मेमोरियल कलेज एण्ड शिक्षण अस्पताल, आरबी कम्प्लेक्स, त्रिवेणी कम्प्लेक्स, डेन्टल अस्पताललगायतले हालसम्म आफ्नो विवरणसमेत विभागमा नबुझाएको कामपाको भनाइ छ । समयमा नै कर तिरेन भने प्रत्येक वर्ष १० प्रतिशतका दरले जरिवानास्वरूप रकम वृद्धि हुँदै जान्छ तर कामपाले अघिल्लो दुई वर्षमा भने कोरोनाका कारण करदातामा समस्या परेको भन्दै जरिवाना करमा छुट दिएको थियो ।

अझै पनि धेरैले आफ्नो घरजग्गा र सम्पत्तिका बारेमा विवरणसमेत बुझाएका छैनन्, तर लामो समयदेखि कर तिर्न आलटाल गरिरहेका करदाताबाट विभागले ५० करोड रूपैयाँ असुल गर्ने तयारीस्वरूप अहिले अभियानका रूपमा नै कर संकलन गर्न लागिएको हो । कामपाले सम्पर्कमा आउनेले विभागमा कर बुझाउन सही छाप गरेपछि मागअनुसार केही समय थपिदिएको छ । नआउनेलाई विभागले कडाइका साथ कानुनी कारबाही अगाडि बढाउने तयारी गरेको छ ।

'सम्पर्क नगर्नेको घर, पसल र व्यवसायमा सिलबन्दी गर्ने तथा सरकारी बाँकीसरह राजस्व असुली गर्ने प्रक्रिया अगाडि बढाउँछौं,' डा. अधिकारीले भने । कामपाले अनलाइन प्राणलीमार्फत राजस्व संकलन गरिरहेको छ । हाल कामपामा अनलाइनमा १६० करदाता जोडिएका कामपाले जानकारी दिएको छ । *रासस*

### असहाय गाईबाच्छा मुक्त गरिने

**काठमाडौं (प्रस)–** राजधानीको उत्तरपूर्वी भेगका कागेश्वरी मनोहरा र गोकर्णेश्वर नगरपालिकालाई असहाय गाईबाच्छा मुक्त गरिने जनप्रतिनिधिले प्रतिबद्धता जनाएका छन् । कागेश्वरी मनोहरा नगरपालिकाले असहाय गाईबाच्छा उद्धार गरी संरक्षणका लागि एम्बुलेन्स खरिद गर्न दिएको २३ लाख रूपैयाँ आर्थिक सहयोगबाट खरिद गरिएको एम्बुलेन्स हस्तान्तरण गर्न शनिबार आयोजित कार्यक्रममा दुवै नगरपालिकाका नगरप्रमुखलगायत जनप्रतिनिधिले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

कार्यक्रममा कागेश्वरीका नगरप्रमुख उपेन्द्र कार्कीले असहाय गाईबाच्छा संरक्षण अभियानलाई आवश्यक सबै सहयोग गरिने प्रतिबद्धता जनाए । यस्तै, गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपक रिसालले गाईलाई गौमाताका रूपमा पुज्ने अनि तिनका बाच्छालाई खुला ठाउँमा छोड्नु गलत भएकाले कारबाहीका लागि आवश्यक कानुन निर्माणमा लाग्ने प्रतिबद्धता जनाए ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

भदौ १९ गते (रविवार, तिथिः अष्टमी/नवमी, नक्षत्रः ज्येष्ठा, शुक्लपक्ष )

| | |
|---|---|
| **मेष** | दैनिक कार्यमा प्रगति हुन्छ । |
| **वृष** | समय बर्बाद हुनेछ । |
| **मिथुन** | दैनिक आय राम्रो रहन्छ । |
| **कर्कट** | सबै कार्यमा धैर्यता जरूरी हुन्छ । |
| **सिंह** | मुदा मामिलामा सफलता । |
| **कन्या** | कार्यहरु मा अनुकूल प्रगति हुन्छ । |
| **तुला** | आमा बुआ सित लाभको योग छ । |
| **वृश्चिक** | स्वास्थ्य माथि ध्यान दिनु होला । |
| **धनु** | जनसम्पर्कमा वृद्धि हुनेछ । |
| **मकर** | लामो यात्रा सफल हुनेछ । |
| **कुम्भ** | फालतू खर्च अशांति दिन्छ । |
| **मीन** | आकस्मिक धन लाभ हुन्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

भदौ १९ गते, २०७९, ४ सेप्टेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**गौरा नचाउँदै ब्रतालु महिला**

कैलालीको धनगढी उपमहानगरपालिका-११ बेलामा रहेको शिवमन्दिरमा शनिबार गौरा नचाउँदै स्थानीय ब्रतालु महिलाहरू।

*तस्विरः रासस*

# सर्लाहीका १८ वडा स्वास्थ्य संस्थाविहीन

**सर्लाही–** सर्लाहीका २० स्थानीय निकायका दुई सय वडामध्ये १८ वडामा अझै स्वास्थ्य संस्था नराखिएकामा सेवाग्राहीले गुनासो गरेका छन्। जिल्लाका ११ नगरपालिका र नौ गाउँपालिकामध्ये १४ स्थानीय निकायका प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना भए पनि छवटा स्थानीय निकायका १८ वडामा भने अझैसम्म स्वास्थ्य संस्था पुग्न सकेका छैनन्।

सरकारले प्रत्येक वडामा स्वास्थ्य संस्था स्थापना गरी नागरिकलाई प्राथमिक उपचार गर्ने लक्ष्य लिइए पनि जिल्लाका दुई सय वडामध्ये १८ वडा अझै स्वास्थ्य संस्थाविहीन छन्। जिल्लामा सबैभन्दा धेरै बागमती नगरपालिकाका छवटा वडामा स्वास्थ्य संस्था छैनन्। उक्त नगरपालिकाको वडा नं २, ६, ७, ८, ९ र ११ मा स्वास्थ्य संस्था नरहेको त्यहाँको स्वास्थ्य शाखाले जनाएको छ। नगर स्वास्थ्य शाखाका अनुसार वडा नं १ मा ढुङ्गेखोला स्वास्थ्यचौकी, वडा नं ५ मा राजघाट स्वास्थ्यचौकी, वडा नं १० मा शङ्करपुर स्वास्थ्यचौकी, वडा नं १२ मा कर्मैया स्वास्थ्यचौकी तथा वडा नं ३ र ४ मा सामुदायिक स्वास्थ्य एकाइ केन्द्र छन्। स्वास्थ्य संस्था नरहेका वडामा तत्कालका लागि कुनै निर्णय नभएको स्वास्थ्य शाखाले जनाएको छ।

यस्तै लालबन्दी नगरपालिकाको वडा नं ७ र ८, ईश्वरपुर नगरपालिकाको ७, ११ र १३, कविलासी नगरपालिकाको १ र १०, मलङ्गवा नगरपालिकाको ३ र ८, बरहथवा नगरपालिकाको ८, रामनगर गाउँपालिकाको ३ र ७ वडामा स्वास्थ्य संस्थाविहीन छन्। ती वडामा नजिकैको वडामा रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्यचौकी र आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट स्वास्थ्य सेवा प्रदान गरिरहेको पालिकाले जनाएका छन्।

जिल्ला सदरमुकाम मलङ्गवा नगरपालिकाको नगरमा स्वास्थ्य संस्था नरहेको दुईवटा वडामध्ये वडा नं ८ मा प्रादेशिक अस्पताल नै रहेकाले त्यहाँ स्वास्थ्य संस्था स्थापना नगरिएको नगर स्वास्थ्य शाखाका संयोजक रामनन्दन राय यादवले बताए। वडा नं ३ मा पनि नजिकैको अर्को वडामा रहेको स्वास्थ्य संस्थाबाट सेवा लिइरहेका उनले जानकारी दिए।

लालबन्दी नगरपालिकाको स्वास्थ्य शाखाका संयोजक मुमताज मिकरानीले स्वास्थ्य संस्थाविहीन वडा नं ७ र ८ का बासिन्दालाई वडा नं ९ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्र डुमडुमे नजिकै पर्ने भएकाले त्यहींबाट स्वास्थ्य सेवा लिइरहेका जानकारी दिए। जनसंख्या धेरै रहेको र भूगोल ठूलो रहेको भन्दै ईश्वरपुर नगरपालिकाले वडा नं १२ कालिञ्जोरमा स्वास्थ्यचौकी भए पनि सो वडाको उत्तरी दुर्गम चुरे भेगका बासिन्दालाई ध्यानमा राखी पीपलदमारमा सामुदायिक स्वास्थ्य एकाइ, हरिपुर नगरपालिकाले वडा नं ५, असन्मा गाउँमा आधार भूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य एकाइ र गोडैता नगरपालिकाले वडा नं २ बेल्वाजब्दीमा स्वास्थ्यचौकी र सामुदायिक स्वास्थ्य एकाइ सञ्चालन गरेका छन्।

सरकारले सबै वडामा स्वास्थ्य संस्था पुऱ्याउने लक्ष्य लिएपछि दुई वर्षअघि जिल्लाका अधिकांश स्थानीय निकायले स्वास्थ्य संस्था नरहेका वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना गरेका हुन्। जिल्लामा २० वटा स्थानीय नियकाका दुई सय वडामध्ये एक सय ८५ वडामा भने स्वास्थ्य संस्था पुगेका छन्।

सर्लाहीमा १८ वडा स्वास्थ्य संस्थाविहीन भए पनि सदरमुकाम मलङ्गवामा एउटा प्रादेशिक अस्पताल, लालबन्दी, हरिपुर, जमुनिया, अचलगढ र बरहथवामा गरी पाँच स्थानमा प्राथमिक स्वास्थ्य केन्द्र र ९५ वटा स्वास्थ्यचौकी तथा बाँकी आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य एकाइ छन्। प्रायः सबैजसो वडामा स्वास्थ्य संस्था पुऱ्याउन लागिपरे पनि दरबन्दीअनुसार स्वास्थ्यकर्मी नहुँदा र आफैँले नियुक्त गरेर पारिश्रमक दिन सक्ने अवस्था नरहेकाले समस्या भइरहेको जिल्लाका स्थानीय निकायले बताएका छन्। *रासस*

## संक्षिप्त

### फरार रहेका बलात्कारी पक्राउ

**भक्तपुर (प्रस)–** ६ वर्षीया बालिकालाई जवरजस्ती करणी गरेको अभियोगमा आठ वर्ष कैद सजाय सुनाइएपछि फरार एक जना बलात्कारीलाई भक्तपुर प्रहरीले पक्राउ गरेको छ।

भक्तपुर जिल्ला साविक भक्तपुर नगरपालिका-११ (हाल वडा नं ५) क्वाछे बस्ने बर्ष ४० को दिपक तुल्सीब्याखोलाई पक्राउ गरेको महानगरीय प्रहरी परिसर भक्तपुरले जनाएको छ।

सर्वोच्च अदालतको २०६३ माघ ८ गतेको फैसलाले ८ बर्ष कैद र निजको आधा भाग अंश सर्वस्व गरी पीडित बालिकालाई भराई दिने फैसलापछि फरार उनलाई पोखराबाट पक्राउ गरेको परिसरले जनाएको छ।

निज प्रतिवादी हालसम्म फरार रही कास्की पोखरामा बसोबास एंव व्यवसाय गर्दै आइरहेको भन्ने गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी परिसर भक्तपुरको प्रहरी टोलीले जिल्ला प्रहरी कार्यालय कास्कीकोसमेत सहयोगमा निजलाई पोखराबाट नियन्त्रणमा लिएको परिसकार सूचना अधिकृत राजु पाण्डेले जनाए। पक्राउ परेका उनलाई फैसला कार्यान्वयनका लागि भक्तपुर जिल्ला अदालतमा पेश गरिएको जनाइएको छ।

### स्रोत नखुलेको नगद बरामद

**काठमाडौं (प्रस)–** चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट स्रोत नखुलेको नगद ३९ लाख ५० हजार ५ सयसहित नवलपरासी (पश्चिम) बर्दघाट नगरपालिका-६ बस्ने २२ वर्षीय टिकाराम भट्टराईलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ।

प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले धादिङबाट काठमाडौंतर्फ आउँदै गरेको बा.४ ख ९६७४ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो।

### लागुऔषधसहित पक्राउ

**काठमाडौं (प्रस)–** दक्षिणकाली नगरपालिका-५ फर्पिङबाट नियन्त्रित लागुऔषध ४९ एम्पुल फेनारगन, ४९ एम्पुल नुर्फिन र ४९ एम्पुल डाईजेपाम सहित काभ्रे पाँचखाल नगरपालिका-२ देवीथान बस्ने २९ वर्षीय ज्ञान बहादुर तामाङ लगायत २ जनालाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय फर्पिङबाट खटिएको प्रहरीले वीरगञ्जबाट काठमाडौंतर्फ आउँदै गरेको ना.१ ज ३४७० नम्बरको सुमोलाई जाँच गर्ने क्रममा सुमोमा सवार उनीहरूलाई उक्त लागुऔषध सहित पक्राउ गरेको हो।

यसैगरी काठमाडौं महानगरपालिका-१६ बालाजु बाईपास ओरालोबाट नियन्त्रित लागुऔषध २८ एम्पुल नुफिन, २५ एम्पुल डाइजेपाम र ४३ एम्पुल फेनारगन सहित दोलखा सैलुङ गाउँपालिका-३ घर भई काठमाडौं महानगरपालिका-१६ बालाजु बाईपास बस्ने २७ वर्षीय बादल श्रेष्ठलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरीले प्र.३-०१-०२४ च ७८७८ नम्बरको गाडीलाई जाँच गर्ने क्रममा गाडीमा लुकाई राखेको उक्त लागुऔषध फेला पारी चालक बादललाई पक्राउ गरेको हो।

# नयाँ गन्तव्य बन्दै ताराघारीको गुफा



**कटारी–** उदयपुरको कटारी-३ ताराघारीस्थित महादेव गुफा अहिले धार्मिक पर्यटनको नयाँ गन्तव्य बन्दै गएको छ। दशकअघि एउटा सामान्य गुफाको रूपमा परिचित महादेव गुफाको संरचना अहिले लोभलाग्दो र रमणीय तीर्थस्थलका रूपमा परिचित हुँदै गएको छ।

प्रदेश १, वागमती, मधेस प्रदेशका अलावा भारतबाट यहाँ तीर्थालुहरू आउन थालेको गुफा व्यवस्थापन समितिका अध्यक्ष रत्नबहादुर सुनुवार बताउँछन्। 'पूजा आराधनाबाट मात्रै वार्षिक तीन लाख बढी भेटी उठ्छ', सुनुवार भन्छन्, 'यहाँ पूजा आराधना तथा घुम्न आउनेको संख्या बर्सेनि बढ्दै गएको छ।'

गुफा परिसरलाई प्रदेशकै नमूना गुफा परिसर बनाउन लागि परेको समितिका कोषाध्यक्ष अमृतबहादुर थापा बताउँछन्। 'यसलाई नमूना धार्मिकस्थलका रूपमा विकास गर्न लागि परेका छौँ', गुफामा वर्षमा एक लाख बढी तीर्थालु आउने गरेको पनि थापाले जानकारी दिए।

विसं २०४० तिर स्थानीय गोठालाले नजिकैको अप्ठ्यारो पाखोमा गुफा पत्ता लगाएका थिए।

अहिले गुफासम्म जाने सिँढी, रेलिङ, पानीका धारा, होम यज्ञ गर्ने, कार्यालय, धर्मशाला, पुजारी भवन, शौचालय, आकर्षक र बगैंचा बनेसँगै यहाँ पर्यटक आउन थालेका छन्। अन्यत्रबाट गुफा आइपुगेकाले यसलाई उत्कृष्ट गुफा भएको बताएको स्थानीय युवा अमित श्रेष्ठ बताउँछन्।

निकट भविष्यमै परिसरमा धार्मिक ग्रन्थको पुस्तकालय, सांस्कृतिक कला प्रशिक्षण केन्द्र, विभिन्न खेल मैदान, नजिकैको उचाइमा रहेको डाँडामा बौद्ध स्तूपा, भ्यु-टावर, चौतारा बनाउने तयारी रहेको समितिले जनाएको छ। अहिले परिसरमा दर्जनौं मृग र वन्यजन्तु आउने भएकाले पानी खाने ठाउँ, सुन्दर बगैंचा निर्माण गरिएको छ। गुफामा साउने सोमबार, एकादशी, बालाचतुर्दशी, शिवरात्रि, रामनवमीमा लाखौं भक्तजन आइपुग्ने गरेका छन्।

गुफामा विवाह, ब्रतवन्ध, महायज्ञ, सप्ताह, पुराण, रुद्री, ग्रहजाप र सतविज छर्ने परम्परा बसेको छ। महादेव गुफामा पूजा आराधना गर्नाले चिताएको पुग्ने जनविश्वास छ।

सिद्धिचरण राजमार्गसँगै जोडिएको र नजिकै कटारी बजार रहेकाले तीर्थयात्रा गर्नेका लागि महादेव गुफा नयाँ गन्तव्य बन्दै गएको छ। *रासस*


## ग्रामथान गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### प्रदेश नं.१, मोरङ, नेपाल

## जनहितमा जारी जानकारीमूलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्ने उपाय :**

क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने।



**२) चट्याङको समयमा सतर्क रहौं।**

**चट्याङबाट बच्ने उपाय :**

क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।



**३) गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं।**

**यसबाट बच्ने उपाय :**

क) बासी र सडेगलेको खानेकुराहरु नखाऔं।
ख) पाकेको खाना मात्र खाऔं।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं। खानेकुरा छोपेर राखौं।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं।
च) सकेसम्म खुलारुपमा बेच्ने राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भिआइपी कक्षको दुरूपयोग

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलाको भिआइपी कक्षको दुरूपयोग भएको एक घटना हालै बाहिरिएको छ । भिआइपी कक्षको दुरूपयोग मात्र होइन, विमानस्थलको अध्यागमन कार्यालय र सुरक्षा व्यवस्थालाई नै उदांगो बनाउने घटना हो यो। शुक्रबार बिहान ८:४५ बजे फ्लाई दुबईको जहाजबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएका सुनसरीका ३० वर्षीय रिजवान करोडौं गठी अभियोगका फरार अभियुक्त थिए। तर, उनले विमानस्थलको भिआइपी कक्षको प्रयोग मात्र गरेनन्, संवैधानिक आयोगका अध्यक्षको गाडी चढेर सुटुक्क विमानस्थलबाट बाहिरिए पनि ।

अरब संसद्का उपाध्यक्ष मोहमद अहमद अल्हामी र युएईका फेडरल नेसनल काउन्सिल सदस्य महमद हमाद मोहमद अब्बुसेब अल्सुमाइदीसहित आएको पाँच जनाको टोली रिजवान छैटौं व्यक्तिका रूपमा थिए । जसलाई प्रहरीले खोजिरहेको थियो । काठमाडौं जिल्ला अदालतमा मुद्दा विचाराधीन थियो। उनी दुबईमा छन् भन्ने थाहा पाएपछि नेपाल प्रहरीले इन्टरपोललाई समेत गुहारेको थियो । तर, तिनै अभियुक्त रिजावान विमानस्थलबाट उम्किएर मुस्लिम आयोगका अध्यक्ष समिम मियाँ अन्सारीको गाडीमा चढेर नक्सालस्थित होटल मेरियट पुगेको पाइएको छ । उनी दिनभर त्यहीं बसे । बल्ल राति १० बजेतिर काठमाडौं उपत्यका अपराध महाशाखाको टोलीले होटलमा 'लुकेको' अवस्थामा उनलाई पक्राउ गऱ्यो ।

अरब संसद्का उपाध्यक्ष मोहमद अहमद अल्हामीको टोलीलाई लिन परराष्ट्र मन्त्रालयले व्यवस्था गरेको हायस धावनमार्गमै पुगेको थियो । रिजवान अल्हामीको टोलीसँगै सोही हायसमा चढेर भिआइपी कक्षमा पुगे । उनीहरूलाई स्वागत गर्न आयोगका अध्यक्ष अन्सारी, नेपालका लागि यूएईका राजदूत सैयद हमदान अल नकबीलगायत विमानस्थलमा पुगेका थिए। दूतावासले गरेको पत्राचारका आधारमा पाँच जनाका लागि भिआइपी लाउञ्जको पास परराष्ट्र मन्त्रालयबाट जारी भएको थियो । तर, ठगी आरोपी छैटौं व्यक्ति रिजवान पनि उनीहरूसँगै सीधै भिआइपी कक्षमा पुगे । कुनै चेकिङ भएन । उनी फरार अभियुक्त हुन् भन्ने त्यतिञ्जेल अध्यागमनले समेत थापा पाएन । भिआइपी कक्षमा विदेशी पाहुनासँगै रिजवानले पनि स्वागत पाए ।

विमानस्थले ओर्लिएपछि सबैको पासपोर्ट 'अराइभल भिसा'को छाप लगाउन अध्यागमन कार्यालयमा पठाइयो । पासपोर्ट स्क्रिनिङका क्रममा अध्यागमनका कर्मचारीले रिजवान कालोसूचीमा रहेको थाहा पाए। त्यसपछि रिजवानबारे कर्मचारीले प्रहरीलाई खबर गरे। त्यतिञ्जेल रिजवान मुस्लिम आयोगका अध्यक्ष मियाँको गाडी चढेर विमानस्थलबाट बाहिरिसकेका थिए।

रिजवानमाथि पाइलट पढाइदिने भन्दै एक करोड ६८ लाख रूपैयाँ ठगी गरेको अभियोग छ। दाउद हुसेनले उनीसहित ११ जनाविरुद्ध प्रहरीमा किटानी जाहेरी दिएका थिए। हुसेनको जाहेरीका आधारमा उनीहरूलाई पक्राउ गर्न भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंले २०७८ फागुन २७ गते काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति मागेको थियो। तर, दुबईमा बस्दै आएका उनी नभेटिएपछि प्रहरीले फरार प्रतिवादी बनाएर मुद्दा अघि बढाएको थियो । त्यसपछि रिजवानलाई पक्राउ गर्न प्रहरीले इन्टरपोललाई समेत पत्राचार गरेको थियो।

अदालतले पक्राउ पुर्जी जारी गरेको व्यक्ति भिआइपी कक्षको प्रयोग गरेर संवैधानिक आयोगका अध्यक्षको गाडीमै विमानस्थलबाट बाहिरिएपछि हाम्रो राज्य प्रणाली, हाम्रा संवैधानिक आयोगको गरिमाथि गम्भीर प्रश्न उठेको छ। गृह मन्त्रालयले घटनाको छानबिन गर्ने भनेको छ। उसले कसरी छानबिन गर्छ, कसलाई कारबाही सिफारिस गर्छ त्यो समयले बताउला । तर, अहिलेको प्रश्न के हो भने रिजवानले कसरी भिआइपी कक्षमा प्रवेश पाए ? जबकि, पास पाँच जनाको मात्र थियो। पासपोर्ट स्क्रिनिङका क्रममा कालोसूचीमा देखिएपछि तत्काल 'क्सन किन लिइएन' भन्ने प्रश्न पनि उठेको छ। यो स्वाभाविक हो। यसको खोज, अनुसन्धान पनि होला नै।

प्रश्न मुस्लिम आयोगका अध्यक्ष अन्सारीमाथि पनि तेर्सिएको छ । उनले पनि सार्वजनिक रूपमा यसको जवाफ दिन सक्नुपर्छ। प्रहरीले फोन गरेर रिजवानबारे जानकारी गराएपछि उनले जति तदारुकता देखाउनुपर्थ्यो, त्यो किन देखाएनन् ? किन हेलचक्र्याइँ गरे भन्ने प्रश्नको उनले जवाफ दिनैपर्छ। उनी प्रश्नबाट भाग्न पाउने छैनन्।

# नेपाल–थाइल्याण्ड सम्बन्ध विस्तारका आयाम



▶▶ गणेशप्रसाद ढकाल

विश्वव्यापी कोरोना संक्रमणपछि विकसित विश्व परिवेशमा नेपाल र थाइल्याण्डबीचको बहुआयमिक सम्बन्धलाई नयाँ ढंगबाट थप सुदृढ तुल्याउन दुवै मुलुकबीच सरकार र जनस्तरबाट पहल थालनी भएको छ। नेपाल र थाइल्याडबीच ३० नोभेम्बर १९४९ मा कूटनीतिक सम्बन्ध स्थापना हुनुअघिदेखि रहँदै आएको मैत्री सम्बन्धले आपसी सद्भाव, विश्वास र सहयोगका क्षेत्रलाई बढाउँदै लगेको छ।

नेपालप्रति थाइल्याण्डको राजपरिवार, सरकार र जनताको उच्च सम्मान रहेको पाइन्छ भने नेपालले पनि थाइल्याण्डलाई जहिले पनि एक असल मित्रराष्ट्रका रूपमा मात्र नहेरी विपद्को समयमा मानवीय सहयोग गर्ने हितैसी राष्ट्रका रूपमा लिने गरिन्छ। कोभिडका समयमा जतिबेला नेपालमा अक्सिजनको अभावका कारण धेरैले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था थियो, त्यतिबेला अक्सिजन कन्टिनेटरलगायत विशेष जहाज चार्टर्ड गरी थाइल्याण्डले विभिन्न स्वास्थ्य सामग्री पठाइएको थियो।

त्यस्तै भूकम्पका बेलामा पनि थाई सरकार र जनताले खुल्ला हृदयले गरेको सहयोग कसैले बिर्सन सक्दैन। विश्वव्यापी महामारीले दुई मित्रराष्ट्र नेपाल र थाइल्याण्डबीचको पर्यटन आदानप्रदानलाई प्रवर्द्धन गर्न सार्वजनिक तथा निजी क्षेत्रका सबै सरोकारवालालाई पर्यटन र लगानीका क्षेत्रमा पुनरुत्थान तथा दिगो विकासका लागि हातेमालो गरेर अगाडि बढ्न नयाँ सम्भावनाको उजागर पनि गरेको छ। नेपालमा अहिले नै विभिन्न थाइ कम्पनीले पर्यटन, प्रविधिलगायतका क्षेत्रमा लगानी गरिरहेका छन्। संस्कृति, खानपिन, रहनसहनले पनि नेपाल थाइल्याण्डबीचको द्विपक्षीय दौत्य सम्बन्धलाई अझ सुदृढ तुल्याउन बल मिलेको छ। थाइल्याण्ड र नेपालमा हात जोडेर अभिवादन गर्ने समान परम्परा रहेको छ। थाइल्याण्ड नेपालको शैक्षिक गन्तव्यस्थल पनि हो। सन् १९६० मा एआइटीको स्थापना भएदेखि नेपाली विद्यार्थी छात्रवृत्तिमा यहाँ पढ्न आउने गरेका छन्। यहाँ रहेका नेपालीमध्ये झण्डै ४० प्रतिशत विद्यार्थी नै छन्।

थाइल्याण्ड र नेपालबीचको सम्बन्धलाई कसिलो बनाउने मुख्य आधार भनेकै पर्यटन हो। नेपालले खासगरी साँस्कृतिक र साहसिक पर्यटनका क्षेत्रमा बढीभन्दा बढी थाई पर्यटकलाई भित्र्याउनसक्ने सम्भावना छ। थाइल्याण्ड नेपालमा सबैभन्दा बढी पर्यटक आउने प्रमुख १० देशमध्ये पर्दछ। सन् २०१९ मा ४१ हजार ६५३ जना थाई पर्यटकले नेपाल भ्रमण गरेका थिए। भिजिट नेपाल २०२० को निकै राम्रो प्रचार भएको थियो तर कोराना संक्रमणले गर्दा परिणाम आउन सकेन। सन् २०२० को पहिलो तीन महिनामै २० हजारले नेपाल भ्रमण गरिसकेका थिए। यो संख्या एक लाख पुग्न गाह्रो थिएन। अहिले पनि हामीले निरन्तर प्रयास गरिरहेका छौं।

दुई मुलुकबीच बौद्ध धर्ममार्फत जोडिएका साँस्कृतिक एवं जनस्तरका सम्बन्धलाई थप प्रगाढ बनाउन दुवैतर्फ रहेका बौद्ध तीर्थस्थलमा पर्यटक आवागमनलाई बढावा दिन आवश्यक छ। तीर्थयात्री र अन्य आगन्तुकका लागि बौद्ध धर्मका आध्यात्मिक पक्षको सारको आनन्द लिनका लागि लुम्बिनी पर्यटकीय र साँस्कृतिक केन्द्रका रूपमा केन्द्रित विकासको एक थलो पनि हुन सक्छ। आज विश्वका झण्डै ९७ प्रतिशत बौद्ध जनसंख्या एसियाली महादेशमा बसोबास गर्दछन्। भुटान, कम्बोडिया, जापान, म्यानमार, नेपाल, श्रीलंका, थाइल्याण्ड, आदिजस्ता धेरै देशले बुद्ध धर्मलाई आफ्नो राष्ट्रिय मूल्य र पहिचानको अन्तर्निहित मान्छन्। थाइल्याण्डका लागि नेपाली राजदूतले सिंगापुर, लाओस, भियतनाम, कम्बोडियासमेत हेर्नुपर्ने हुँदा ती देशका खासगरी बौद्ध धर्मावलम्बीलाई लक्षित गरी कूटनीतिक माध्यमबाट पर्यटन प्रवर्द्धनमा जोड दिने काम भएको छ।

लुम्बिनी र पोखरालाई धार्मिक र साहसिक पर्यटकका रूपमा विकास गर्न सकिने सम्भावना छ। यी दुवै ठाउँमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएका छन्। गौतमबुद्ध विमानस्थल निर्माण भइसकेपछि हामीले यहाँबाट धेरै पर्यटक भित्र्याउन सक्छौं। थाइल्याण्ड र भैरहवा विमानस्थलबीच सीधा हवाई सम्बन्ध जोड्न सकिए नेपालमा थाई पर्यटकको आगमन बढाउन सकिन्छ। स्माइल थाई एयरलाइन्ससँग थप उडानका लागि कुराकानी भएको छ। उसले चासो दिएको पनि छ। यसले व्यापारिक हिसाबले अध्ययन गरिरहेको होला। सन् १९६८ देखि थाई एयरवेज इन्टरनेसनलले सेवा प्रदान गरेको रुटमा पुनः हवाई सेवा सञ्चालन गर्दै यसले नेपाल र थाइल्याण्डको सम्बन्ध अझ नजिक बनाएको छ भने नेपाल वायुसेवा निगमले पनि उडान भरेको छ। थाइल्याण्डबाट आउने र नेपालबाट थाइल्याण्ड जाने पर्यटकको संख्या बढिरहेका सन्दर्भमा आपसी सहकार्य गर्नसके दुवै देशको पर्यटन प्रवर्द्धन गर्न सघाउ पुग्ने देखिन्छ।

थाइल्याण्डलाई लुम्बिनीसँग जोड्न सकिएमा यो हाम्रा लागि ठूलो उपलब्धि हुनेछ। थाइल्याण्डका अधिकांश जनता बौद्धमार्गी भएकाले तिनलाई लक्षित गरी उडान गर्न सकिएमा एक/दुई वर्षभित्र पर्यटकको संख्या बढाउन कुनै समस्या नहोला। बुद्ध जन्मस्थल लुम्बिनीमा वार्षिक करिब तीन हजार थाई पर्यटकले भ्रमण गर्ने गरेका छन्। पर्यटकलाई बुद्धबारे जान्ने बुझ्ने र बसाइँ अवधि लम्ब्याउन पनि सहयोग पुग्नेछ। लुम्बिनीसँगै कपिलवस्तु र रामग्रामलाई जोडेर बुद्ध सर्किटको अवधारणाअनुरूप बुद्धसँग जोडिएका अन्य स्थानमासमेत थाइ पर्यटकलाई लैजाने गरी ती क्षेत्रको विकासमा ध्यान दिनसकेमा नेपालले थाइल्याण्डले जत्तिकै पर्यटनबाट लाभ लिनसक्छ। नेपाल गौतमबुद्धको जन्मस्थल रहेको र थाइल्याण्ड बौद्धमार्गी देश भएकाले नेपाल थाइल्याण्डको लागि धार्मिक पर्यटनको मुख्य गन्तव्यस्थल बन्न सक्छ। त्यसैले गौतमबुद्धको जन्मभूमि लुम्बिनी थाइल्याण्डका नागरिकका लागि प्रमुख तीर्थस्थल हो भन्ने कुरा प्रचारप्रसार गराउन जरुरी छ।

पोखरा पनि अर्को गन्तव्यस्थल बन्न सक्छ। थाइल्याण्डका कतिपय युवा साहसिक पर्यटनका पारखी भएकाले उनीहरूलाई पोखरासँग जोड्न सकिन्छ। प्याकेज टुरमा जोड दिनुपर्छ। थाइल्याण्डका जनता समूहमा भ्रमण गर्न रुचाउँछन्। नेपालका साँस्कृतिक सम्पदा हेर्न जान खोज्ने पर्यटक पनि यहाँ उत्तिकै रहेका छन्। ९० प्रतिशत बौद्ध धर्मावलम्बी जनसंख्या रहेको थाइल्याण्डका जनताले बुद्धको पूजा गर्दासमेत ब्राह्मणबाट गणेश, शिव र विष्णुको पूजा गर्ने चलन रहेको पाइन्छ।

थाइल्याण्ड र नेपालबीचको राजनीति एवं जनस्तरको सम्बन्ध मजबुत छ तर व्यापारिक सम्बन्ध भने अझै विस्तार हुन सकेको छैन। दुई देशबीच व्यापार घाटा उच्च रहेको छ। नेपालबाट यहाँ आयात निकै न्यून छ तर निर्यात बढी भएकाले बर्सेनि व्यापार घाटा बढ्दो छ। आसिआनका राष्ट्रबीच खुला व्यापार सम्झौता भएका कारण नेपाली उत्पादनले यहाँ प्रतिस्पर्धा गर्न गाह्रो छ। नेपालले चियामा केही निर्यात गर्न सक्छ। यहाँ कफीको माग उच्च रहे पनि हामीले निर्यात गर्न अहिले नै सक्ने अवस्था छैन।

थाइल्याण्ड व्यापारिक केन्द्र पनि हो। यसका लागि नेपाली व्यापारी पनि विभिन्न तहमा सम्पर्क र सम्बन्ध विस्तार गर्दै हुनुहुन्छ। हामीले यसका लागि सहजीकरण गरिदिएका छौं। दुई देशको सम्बन्धलाई अझ सुमधुर बनाउनका लागि कृषि, पर्यटन, व्यापार तथा पूर्वाधारमा सँगै मिलेर काम गर्न सकिने प्रशस्त सम्भावना छ। लगानीमैत्री वातावरणसँगै सरल एवं सहज कानुनी प्रक्रियाबाटै विदेशी लगानी आकर्षित हुने भएकाले त्यस दिशामा हामीले ध्यान दिनु जरुरी छ। पर्यटनसँगै कृषि प्रविधि, प्रविधि हस्तान्तरणका माध्यमबाट थाइल्याण्डले नेपालको सामाजिक-आर्थिक उन्नयनमा सहयोग गर्दै आएको छ। त्यसैले हामीले पर्यटन र लगानीमा जोड दिनुपर्छ।

कोभिड-१९ महामारीपछिको पर्यटन पुनरुत्थान अभियानअन्तर्गत पाटा नेपालले विदेशी स्रोत बजारमा गएर पहिलो पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना गरेको थियो। हालै गैरआवासीय नेपाली संघको एसिया प्रशान्त क्षेत्रीय भेला पनि बैंककमा सम्पन्न भएको छ। यस्ता कार्यक्रमले पनि नेपालको बारेमा थाइल्याण्डका पर्यटकदेखि लगानीकर्तालाई नेपालबारे बुझ्न सहयोग पुगेको छ। थाइ जनता र नेपाली जनताबीच बढ्दै गएको सकारात्मक सम्बन्धलाई सम्मान गर्न र उक्त सम्बन्धलाई अझ प्रगाढ र दिगो बनाउनु नै हाम्रो कर्तव्य र जिम्मेवारी पनि हो।

थाइल्याण्डमा नेपालको प्रवर्द्धन गर्न त्यहाँस्थित सञ्चारमाध्यम र नेपालमा

> थाइल्याण्डलाई लुम्बिनीसँग जोड्न सकिएमा यो हाम्रा लागि ठूलो उपलब्धि हुनेछ । थाइल्याण्डका अधिकांश जनता बौद्धमार्गी भएकाले तिनलाई लक्षित गरी उडान गर्न सकिएमा एक/दुई वर्षभित्र पर्यटकको संख्या बढाउन कुनै समस्या नहोला । बुद्ध जन्मस्थल लुम्बिनीमा वार्षिक करिब तीन हजार थाई पर्यटकले भ्रमण गर्ने गरेका छन् । पर्यटकलाई बुद्धबारे जान्ने बुझ्ने र बसाइँ अवधि लम्ब्याउन पनि सहयोग पुग्नेछ ।

थाइल्याण्डको प्रवर्द्धन गर्न नेपालका सञ्चारमाध्यमहरूबीच सहकार्य गर्न दुवैतर्फबाट पहल आवश्यक छ। थाई ट्राभल एजेन्टस् तथा आगन्तुकलाई सहज भिसा सेवा, नेपाल भ्रमणका सम्बन्धमा जानकारी गराउने तथा अन्य आवश्यक सहयोग प्रदान गर्न नेपाली दूतावासले सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। दुवै देशका कूटनीतिक व्यक्तिहरूको मैत्रीपूर्ण भ्रमणको कार्यक्रमलाई निरन्तरता दिने र पर्यटनका राम्रा अभ्यास आदानप्रदान गर्न सकिने विषयमा छलफल भएको छ। भगवान् बुद्धको जन्मस्थल लुम्बिनी वरपर विकास भइरहेका पर्यटन पूर्वाधार र पर्यटकीय गतिविधिको सम्भावनालाई प्रकाश पार्दै थाइल्याण्ड-नेपाललाई बौद्ध पर्यटनका माध्यमबाट जोड्ने अवसरको खोजी गर्न ढिलाइ गर्नु हुँदैन।

*(थाइल्याण्डका लागि नेपालका राजदूत ढकालसँग बैंककमा राससका कृष्ण अधिकारीले गरेको कुराकानीमा आधारित)।*

## मननयोग्य

### विदुर नीति

**वैशम्पायन भन्दछन्:**

*द्वा:स्थं प्राह महाप्राज्ञो धृतराष्ट्रो महीपति ॥*
*विदुरं द्रष्टुमिच्छामि तमिहानय मा चिरम् ॥१॥*

महान् बुद्धिमान सम्राट धृतराष्ट्रले द्वारपाललाई आदेश दिँदै भने- 'म विदुरलाई भेट्न चाहन्छु, तुरुन्त उनलाई यहाँ बोलाएर ल्याऊ ।'

*प्रहितो धृतराष्ट्रण: दत: क्षत्तारमब्रवीत् ॥*
*ईश्वरस्त्वां महाराजो महाप्राज्ञ दिट्टक्षति ॥२॥*

महाराज धतराष्ट्रको आज्ञा सुन्नासाथ दूतले पनि महात्मा विदुरकहाँ गएर राजा धृतराष्ट्रले उहाँलाई भेट गर्न चाहेका छन् भन्ने सूचना दियो ।

*एवमुक्तस्त विदुर: प्राप्य राजनिवेशनम् ॥*
*अब्रवीद् धृतराष्ट्राय द्वा:स्थ मां प्रतिवेदय ॥३॥*

दूतको कुरा सुनेपछि विदुरजी राजमहलमा पुगेर आफू आएको कुराको सूचना राजालाई दिनू भनी दरबारको द्वारपाललाई खबर पठाए ।

**द्वारपालले राजा धृतराष्ट्रलाई भन्दछन्:**

*विदुरो ऽ यमनुप्राप्तो राजेन्द्र तब शासनात् ॥*
*द्रष्टुमिच्छति ते पादौ किं करोतु प्रशाधि माम् ॥४॥*

महाराज हजुरको आज्ञाअनुसार महात्मा विदुर उपस्थित हुनुभएको छ, उहाँ भेट गर्न चाहनुहुन्छ, के गरूं ?

**धृतराष्ट्र भन्दछन्:**

*प्रवेशय महाप्राज्ञं विदुर दीर्घदर्शिनम् ॥*
*अहं हि विदुरस्यास्य नाकल्पो जातु दर्शने ॥५॥*

महाबुद्धिमान् तथा दूरदर्शी विदुरलाई बोलाएर ल्याऊ, मैले विदुरसँग भेट गर्नु कहिल्यै पनि नराम्रो हुँदैन ।

**द्वारपाल विदुरजीकहाँ गई भन्छन्:**

*प्रविशान्त:पुरं क्षत्तमहाराजस्य धीमत: ॥*
*नहि ते दर्शने कल्पो जातु राजा ब्रवीहि माम् ॥६॥*

विदुरजी ! हजुरलाई महाराजले अन्त:पुरमा प्रतीक्षा गरिरहनुभएको छ, कृपया तपाईं त्यसतर्फ पाल्नुहोस् ।

**विदुर भन्दछन्–**

*तत:प्रविश्य विदुरो धृतराष्ट्रनिवेशनम् ॥*
*अब्रवीत् प्राञ्जलिर्क्यं चिन्तयानं नराधिपम् ॥७॥*

द्वारपालको कुरा सुनेपछि विदुर पनि धृतराष्ट्रको अन्त:पुरमा गएर चिन्तामा डुबीरहेका राजालाई हात जोड्दै भन्दछन्।

*विदुरोऽहं महाप्राज्ञ सम्प्राप्तस्तव शासनात् ॥*
*यदि किंचन कर्तव्यमहमस्मि प्रशाधि माम् ॥८॥*

हे महाराज ! सेवामा उपस्थित भएको छु, मेरालायक कृपया आज्ञा पाऊँ भनी विदरले धृतराष्ट्रलाई विन्ती गरे । **क्रमश :**

## पत्र–मञ्जुषा

# नेपाली समाजमा विकृति फैलाउँदै टिकटक

समाजको वातावरण खलल पार्न र जनसमुदायमा विकृति फैलाउने खालका क्रियाकलाप कुनै पनि नागरिकले गर्न पाउँदैन । भड्किलो, उत्तेजना फैलाउने र अवाञ्छित गतिविधि गर्न कानुनले नै बन्देज लगाएको छ । तर, कानुनको धज्जीप उडाएर समुदायको ख्याल नै नगरीकन टिकटक बनाउने क्रम बढेको छ । समाजले पचाउन नसक्ने खालका टिकटक भिडियो अहिले छ्याप्छ्याप्ती बजारमा आएका छन्। अश्लील भिडियो तथा शब्दहरूको प्रयोग गरेर टिकटक बनाउने, आफ्नो शरीर प्रदर्शन गर्नेजस्ता हर्कत टिकटकमा बढेको छ। विश्वप्रख्यात चिनियँ एप टिकटकले नेपालमा बेथितिको बाढी ल्याएको छ ।

सकारात्मकभन्दा नकारात्मक सामग्रीहरू बढी टिकटकमा पाइन्छ।टिकटक बनाउने क्रममा कतिपयको ज्यानसमेत गएको छ । घरपरिवारबीच दरार आएको छ। टिकटकमा जथाभावी भिडियो हाल्दा यसले गलत प्रचार गरिरहेको छ । यता, टिकटक नेपाली बनाउँछन् तर फाइदा भने चीनले मात्र लिइरहेको छ । नेपालीहरू आफ्नो अमूल्य समय खेर फालेर टिकटक बनाउनमै व्यस्त छन् । सिर्जनशील ठाउँमा दिमाग लगाउनुपर्ने युवाहरू टिकटकमै झुत्तिएका छन् । पछिल्लो समय बालबालिकादेखि बूढासम्म सबैजना टिकटकमै व्यस्त देखिन्छन् । आफ्नो कामधन्दा छोडेर टिकटक बनाउने र समय खेर फाल्ने कामले हाम्रो समाजमा व्यापकता पाएको छ।

पढाइतिर ध्यान हुनुपर्ने बालबालिका पनि अहिले टिकटकमै केन्द्रित छन् । भोलिका भविष्यका कर्णधारहरू पढ्न छोडेर टिकटक बनाउनतिर लागेपछि मुलुकको रूप कसरी फेरिएला ? टिकटकले नेपाली जनतालाई बिगारेको छ । चीन र भारतले टिकटकमा प्रतिबन्ध लगाइसक्दा नेपाल सरकार भने यसलाई छाडा छोडेर तमासा हेरेर बसिरहेको छ। चीनले एप बनायो तर त्यो एपले हामीलाई बिगाऱ्यो । टिकटकले यत्रो विकृति फैलाइरहँदा गृह मन्त्रालयको यसतर्फ ध्यान गएको छैन । टिकटकले सम्बन्ध लथालिंग पारेको, समाजमा विकृति ल्याएको देख्दा पनि सरकार मौन छ।

समाजमा अश्लीलता फैलाउने व्यक्तिलाई कारबाही गर्नका निम्ति गृहमन्त्री बालकृष्ण खाणले सम्बन्धित निकायलाई निर्देशन दिएका छैनन्। हालमात्रै टिकटकमा महिलाहरूको 'डगी डान्स' अत्यन्तै भाइरल बन्यो । समाजले पचाउन सक्दैन भन्ने थाहा हुँदाहुँदै पनि तीजको समयमा एलिजाले रमिता देखाइन्। उनको सिको गर्दै राष्ट्रसेवक भनिने सरकारी कर्मचारीहरूले समेत कार्यालयको पोसाकमै उक्त नाच देखाए। अहिले टिकटकभरि रातो सारी भिरेर कालो चश्मा लगाएका महिलाहरूले उक्त डान्स गरिरहेका देखिन्छन्।

आफ्नो मानमर्यादा र संस्कृति बिर्सेर यस्तो खालको क्रियाकलाप गर्नाले समाजलाई कतातिर लगिरहेको कसैले चासो छैन । एकछिनको रमाइलोको लागि अरुलाई कति असर पारिरहेको भनेर कसैले सोचविचार गरेका छैनन् । धेरै लाइक र कमेण्टको चक्करमा जथाभावी भिडियो हाल्नेलाई सरकारले कारबाही गर्नुपर्छ । समाजको वातावरण खलल पार्ने हक कसैलाई पनि छैन । टिकटकमा जथाभावी बोल्ने र नाच्नेविरुद्ध साइबर ब्युरो कानुनी उपचारमा जानुपर्छ। टिकटकमा भएको अश्लीलता हेर्न नसकेर टिकटक प्रतिबन्धको माग उठेको छ । टिकटक बन्द गर्नुपर्छ भन्दै युवाहरू सडकमा उत्रिसकेका छन्।

टिकटकको विरोधमा यतिखेर चौतर्फी माग उठे पनि सरकारले किन सुनुवाइ गर्दैन ? टिकटकले गर्दा यत्रो विकृति फैलिँदा पनि सरकार किन आँखा चिम्लिएर बसेको छ ? कि त सरकार नै नेपाल नै बदनाम गराउन जुटेको छ ? टिकटकमा नेपालीले हालेको अश्लील भिडियो विश्वभर प्रदर्शन भइरहेको छ। उनीहरूले बोलेका शब्द सबैले सुनिरहेका छन्। उनीहरूको यस्तो हर्कतको मुलुकको शानमाथि गम्भीर दाग लागेको छ। नेपालीहरू नै नेपालको बेइज्जत गर्नमा तुलिएका छन् । बनाउन पायो भन्दैमा जे पनि बनाउन त मिल्दैन नि !

आफ्नो घरपरिवार, सम्बन्ध, नातागोता र समाजको ख्याल नै नगरी टिकटक बनाउनुले ठूलो विकृति निम्त्याएको छ। जसले गर्दा कि टिकटक तत्कालै बन्द गर्नुपर्छ कि त कडा कानुन बनाउनुपर्छ । कस्तो खालको भिडियो हाल्न मिल्ने-नमिल्ने सरकारले छुट्याउनुदिनुपर्छ । आफू चर्चामा आउनका लागि समाज बिर्सिन मिल्दैन । समाजलाई सभ्य बनाउने हो भने पहिले टिकटकमा कडा कानुन लागू गर्नुपर्छ । टिकटकले ल्याएको अश्लीलता रोक्नुपर्छ। विकृति-विसंगतिलाई बढावा दिने काम कसैले पनि नगरौं । आजको रमाइलोले भोलि ठूलो दुर्घटना निम्त्याउन सक्छ।

*अमृता राना, सातदोबाटो*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## करोडौं ठगीका अभियुक्त...

पृष्ठ १ बाट जारी

कक्षमा पुगे । कुनै चेकजाँच भएन । उनी फरार अभियुक्त हुन् भन्ने त्यतिञ्जेल अध्यागमनले समेत थापा पाएन । भिआइपी कक्षमा विदेशी पाहुनासँगै रिजवानले पनि स्वागत पाए ।

विमानस्थले ओर्लिएपछि सबैको पासपोर्ट 'अराइभल भिसा'को छाप लगाउन अध्यागमन कार्यालयमा पठाइयो । पासपोर्ट स्क्रिनिङका अध्यागमनका कर्मचारीले रिजवान कालोसूचीमा रहेको थाहा पाए । त्यसपछि रिजवानबारे कर्मचारीले प्रहरीलाई खबर गरे । त्यतिञ्जेल रिजवान मुस्लिम आयोगका अध्यक्ष मियाँको गाडी चढेर विमानस्थलबाट बाहिरिसकेका थिए ।

रिजवानमाथि पाइलट पढाइदिने भन्दै एक करोड ६८ लाख रूपैयाँ ठगी गरेको अभियोग छ । दाउद हुसेनले उनीसहित ११ जनाविरुद्ध प्रहरीमा किटानी जाहेरी दिएका थिए । हुसेनको जाहेरीका आधारमा उनीहरूलाई पक्राउ गर्न भन्दै जिल्ला प्रहरी परिसर काठमाडौंले २०७८ फागुन २७ गते काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति मागेको थियो । तर, दुबईमा बस्दै आएका उनी नभेटिएपछि प्रहरीले फरार प्रतिवादी बनाएर मुद्दा अघि बढाएको थियो । त्यसपछि रिजवानलाई पक्राउ गर्न प्रहरीले इन्टरपोललाई समेत पत्राचार गरेको थियो ।

अदालतले पक्राउ पुर्जी जारी गरेको व्यक्ति भिआइपी कक्षको प्रयोग गरेर संवैधानिक आयोगका अध्यक्षको गाडीमै विमानस्थलबाट बाहिरिएपछि मुस्लिम आयोगका अध्यक्ष अन्सारीमाथि 'गम्भीर आरोप' लागेको छ । अन्सारीले नै रिजवानलाई त्यहाँबाट भगाएको आरोप छ । यद्यपि, यो आरोपमा कुनै सत्यता नरहेको अन्सारी दाबी गर्छन् ।

लामो समयदेखि दुबईमा बस्दै आएका रिजवान युएई पुग्ने नेपालका भिआइपीसँग सम्बन्ध गाँस्दै बसेका पाइएको छ । त्यहाँका भिआइपी समूहसँग पनि उनले निकट सम्बन्ध बनाएको पाइएको छ । सोहीअनुसार उनी अल्हामीको टोलीमा दोभाषेको रूपमा नेपाल आएका थिए । उनीहरूले नै रिजवानलाई दोभाषेका रूपमा ल्याएको अन्सारीको दाबी छ ।

झापाका मेडिकल व्यवसायी दुर्गा प्रसाईंले गत जेठमा दुबईका राजपरिवार सदस्य शेख मोहम्मद माक्तुम जुमा ला माक्तुमलाई भेट्दासमेत रिजवानसँगै थिए । उनी प्रसाईंभन्दा पहिल्यै राजपरिवार सदस्यको घरमा पुगिसकेको बताइन्छ ।

**रिजवानलाई भगाउनुपर्ने कुनै कारण छैन : अन्सारी**

मुस्लिम आयोगका अध्यक्ष अन्सारीले आफूले रिजवानलाई भगाउनुपर्ने कुनै कारण नरहेको बताएका छन् । विदेशी पाहुनाहरूले नै उनलाई दोभाषेका रूपमा ल्याएको र अरु गाडीमा ठाउँ नपुगेपछि आफ्नो गाडीमा बसेको अन्सारीले बताए ।

'उनी (रिजवान) पनि भिआइपीसँगै गाडीमा जान खोजेका थिए । तर, ती गाडीमा ठाउँ पुगेन । त्यसपछि मैले मेरो गाडीमा राखेको हुँ । गाडीमा मेरो पिएसओ पनि थिए । उनलाई विमानस्थलबाट भगाउनुपर्ने कुनै कारण नै छैन,' अन्सारीले प्रभाव दैनिकसँग भने । विमानस्थलबाट मेरियट होटल पुगेर आफू आयोगमा २ बजे भएको कार्यक्रमका लागि निस्किएको अन्सारी बताउँछन् ।

'उनी ठगी घटनाको अभियुक्त भन्ने पनि मलाई थाहा थिएन । पक्राउ पुर्जी जारी भएको विषयमा पनि थाहा थिएन । फेसबुकमा सामान्य कुराकानी हुन्थ्यो । विमानस्थलमा पनि अनपेक्षितरूपमा भेट भएको हो । उनलाई होटल छोडेर म मेरै आयोगमा हुने कार्यक्रमका लागि निस्किसकेको थिएँ,' अन्सारीले भने, ' त्यसपछि एयरपोर्टको डिआइजीसा'बले (डिआइजी श्यामलाल ज्ञवाली) कालोसूचीमा परेका व्यक्ति भिआइपीसँगै तपाईंको गाडीमा गएका रहेछन् भनेर फोन गरेपछि पो म झसंग भएँ । प्रहरीको फोनपछि मैले उनलाई मेसेञ्जरमा कल गरेर एयरपोर्ट गएर क्लियर गर्न भनेको थिएँ ।'

तर, त्यसपछि पनि रिजवान एयरपोर्ट गएनन् । रिजवान नआएपछि विमानस्थल प्रहरीले अन्सारीलाई फेरि फोन गरेको थियो । प्रहरीले दोस्रोपटक फोन गरेपछि आफूले रिजवानलाई झपारेको अन्सारीको भनाइ छ ।

'तपाईंका कारण पाहुनाको पनि बेइज्जत हुने स्थिति भयो । के कुरा हो तुरुन्त गएर क्लियर गर्नूस्, भनेको थिएँ । त्यसपछि म आफ्नै काममा व्यस्त भएँ । प्रहरीको फोन पनि आएन । उनी पुगे होलान् भन्ने लाग्यो । तर, उनलाई होटलबाट पक्राउ गरेको कुरा शनिबार बिहान मात्र थाहा पाएँ,' अन्सारीले भने ।

अन्सारीले यस घटनाले आफूलाई पनि सिकाइ भएको बताए । आफ्नो गाडीमा अब कसैलाई चढाउनुपर्दा विचार गर्ने उनको भनाइ छ । 'उता ठाउँ नपुगेपछि सामान्य चिनजानका हिसाबले, मानवीय हिसाबले मेरो गाडीमा चढाएको हो । तर, यसको गलत अर्थ लगाउने काम भइरहेको छ । यसले मलाई आगामी दिनका लागि सिकाइ पनि भएको छ,' अध्यक्ष अन्सारीले भने, 'अबका दिनमा कसैलाई मेरो गाडीमा चढाउनुपर्दा सचेत हुन मलाई पाठ मिलेको छ ।'

## निर्वाचन सुरक्षामा...

पृष्ठ १ बाट जारी

जनशक्ति थप गर्दै कूल ३५ हजार जनशक्ति खटाइने सशस्त्र प्रहरी नायब महानिरीक्षक विदुर खड्काले जानकारी दिए । यसअघि स्थानीय तहको निर्वाचनमा ३२ हजार सशस्त्र प्रहरी कर्मचारीले सुरक्षा प्रदान गरेका थिए ।

'अहिले निर्वाचन केन्द्रित अनुशिक्षण तथा तालिम सञ्चालन गरिरहेका छन्, पहिलो तालिममा १७ हजार ५०० जनशक्तिले तालिम लिइरहेका छन्, दोस्रोपटक बाँकीलाई तालिम प्रदान गरिने छ,' खड्काले भने । अन्य बजेटलगायतका विषयमा प्रस्ताव पेस गरिएको भए पनि स्वीकृत हुन बाँकी रहेको उनले जानकारी दिए ।

नेपाली सेनाले आफ्नो आन्तरिक तयारी तीव्र पारेको जानकारी दिँदै नेपाली सेनाका प्रवक्ता सहायक रथि नारायण सिलवालले मतपत्र छपाइमा एक गुल्मभन्दा केही बढी फौज सुरक्षार्थ खटिइसकेको उल्लेख गरे । 'आफ्नो आन्तरिक तयारी, विगतको अनुभव र सुरक्षा चुनौतीसमेतलाई आकलन गरेर रणनीति तय गरिरसकेका छौं,' प्रवक्ता सिलवालले भने, 'केन्द्रीय सुरक्षा योजना र सबै सुरक्षा निकायको एकीकृत सुरक्षा योजना नआउँदासम्म ठ्याक्कै यकिन भनेर भन्न सकिन्न ।' उनका अनुसार वितगको निर्वाचनमा ७१ हजार फौज खटिएकाले अहिले पनि सोही हाराहारीमा खटिने अनुमान गरिएको छ ।

राष्ट्रिय अनुसन्धान विभागका भने दुई हजार हाराहारीमा जनशक्ति परिचालन हुने जनाइएको छ । विभाग निर्वाचनपूर्व, निर्वाचनको समय र निर्वाचनपछिका समग्र सूचना संकलनमा केन्द्रित हुनेछ । यस्तै सम्भावित चुनौतीका विषयमासमेत सरकारलाई सूचना उपलब्ध गराउने जिम्मेवारी विभागलाई छ । विभागका एक जना सुरक्षा अधिकृतले अन्य सुरक्षा निकायले जसरी तयारी गरिहेका छन् विभागको पनि सोहीरूपमा तयारी जारी रहेको जानकारी दिए । सबै गतिविधि र जनशक्ति गोप्य रहने उनले बताए ।

यसपटक मतदानस्थल, मतदान केन्द्र र मतदातासमेत थपिने छन् । त्यसैले सुरक्षाकर्मी थप गरिएको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिए । स्थानीय तहमाभन्दा यसपटक समानुपातिक निर्वाचन प्रणाली थप हुन्छ, संघ र प्रदेशको चुनाव पनि सँगसँगै छ, कारागारका कैदीबन्दीले पनि मताधिकार प्रयोग गर्न पाउने व्यवस्था गरिएकाले पनि सुरक्षा जनशक्ति थप्नुपरेको उनले बताए । यसपालि झण्डै पाँच लाख मतदाता थपिने अनुमान पनि गरिएको छ ।

प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्ष र समानुपातिक तथा प्रदेशसभा निर्वाचनमा पनि प्रत्यक्ष र समानुपातिक निर्वाचन हुने भएकाले पनि एक ठाउँमा मत खसालिसकेपछि पुनः अर्को ठाउँमा मत खसाल्नुपर्ने हुन्छ । सबै सुरक्षा निकायलाई समेटेर एकीकृत सुरक्षा रणनीति तयार गर्ने क्रममा रहेको जनाइएको छ । गृह मन्त्रालयले केन्द्रीय सुरक्षा योजना निर्माण गरेपछि त्यसलाई नै आधार मानेर सुरक्षा योजना सार्वजनिक गरिने जनाइएको छ । *रासस*

# 'माधव नेपाल नेतृत्वको पार्टी कहिल्यै कमजोर हुँदैन'

■ प्रभाव संवाददाता



**धादिङ–** नेकपा एकीकृत समाजवादीका पोलिट्व्यूरो सदस्य एवं सहरी विकास मन्त्री मेटमणि चौधरीले माधव नेपालले नेतृत्व गरेको पार्टी कहिल्यै कमजोर हुन नसक्ने बताएका छन् ।

एकीकृत समाजवादी गल्छी गाउँपालिकाले आयोजना गरेको कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रममा बोल्दै मन्त्री चौधरी भने, 'माधव नेपालले जहिल्यै पार्टी निर्माण गर्नुभएको छ । कम्युनिस्ट पार्टीको संगठन बनाएर विशाल पार्टी बनाउने नेता हो उहाँ । लाखौंलाख कार्यकर्ता निर्माण गरेर नेपालको कम्युनिस्ट आन्दोलनलाई लोकप्रिय बनाउने नेता हो उहाँ । शान्ति, संविधान र लोकतन्त्रका निम्ति जीवन समर्पण गरेको नेता हो माधव नेपाल । त्यसकारण तपाइहरू ढुक्क हुनुस्, माधव नेपालले नेतृत्व गरेका पार्टी कहिल्लै कमजोर हुदैन ।'

पार्टी विद्रोहको औचित्यबारे मन्त्री चौधरीले सुनाए, ' तपाईहरूलाई माधव नेपालले किन विद्रोह गर्नुपर्‍यो, राजेन्द्र पाण्डे, गंगालाल तुलाधरले किन विद्रोह गर्नु पर्‍यो भन्ने पक्कै लागेको होला । अथवा हामीहरूले नयाँ पार्टी निर्माण किन गर्नु पर्‍यो भन्ने मुख्य कुरा हो । यदि हामीले विद्रोह नगरेको भए नेपालमा कम्युनिस्ट पार्टीको औचित्य समाप्त हुन्थ्यो । त्यत्रो ठुलो पार्टी बनाएर पनि हुँदोरहेनछ भन्ने जनतामा मनोविज्ञान निर्माण हुने थियो । अर्को कुरा कम्युनिस्टहरू तानाशाही हुन्छन् । संवैधानिक सर्वोच्चता मान्दैनन् भन्ने कुरा स्थापित हुन्थ्यो । हो, यस्ता प्रश्नहरूको हामीले जवाफ दिनु पर्ने भयो । अझै पनि मुलुकमा कम्युनिस्ट आन्दोलनको औचित्य छ र यसलाई पुनर्गठन गर्नै पर्ने आवस्यकता भयो । जनताले पहिलो पटक बनाएको संविधान जोगाउनुपर्ने भयो ।'

करिब एक घण्टा प्रशिक्षणात्मक मन्तव्य राखेका मन्त्री चौधरीले ओली नेतृत्वको एमाले सबैभन्दा भ्रष्ट, सबैभन्दा घुसखोरी र सबैभन्दा धेरै दलालहरूको अखडा बनिसकेपछि विद्रोह अनिवार्य बनेको धारणा राखे । हरेक युगमा अन्याय, शोषण र दमनका विरुद्ध विद्रोह भएको इतिहास रहेकाले एमालेबाट गरिएको विद्रोह मार्क्सवादी दर्शन शास्त्रीय कोणबाट समेत जायज रहेको मन्त्री चौधरीको भनाइ थियो ।

कार्यक्रममा एकीकृत समाजवादीका केन्द्रीय अनुशासन आयोग सदस्य कृष्णहरि श्रेष्ठ, जिल्ला सचिव सुवास खतिवडा, तामाङ महासंघका केन्द्रीय उपाध्यक्ष विर बहादुर तामाङलगायतले आफ्ना भनाइ राखेका थिए ।

# महाकाली-मेची युवा जागरण लुम्बिनीमा

■ प्रभाव संवाददाता

**सुर्खेत–**कोहलपुर- युवा संघ नेपालद्वारा आयोजित महाकाली-मेची युवा जागरण अभियान शनिबार कर्णाली प्रदेशको राजधानीबाट लुम्बिनी प्रदेशको कोहलपुरमा प्रवेश गरेको छ । शनिबार विहान सुर्खेतमा मोटरसाईकल र्‍यालीका साथ शुरु भएको महाकाली-मेची अभियानअन्तर्गत कोणसभा सम्पन्न भयो ।

सुब्बाकुनादेखि मंगलगडीचोकसम्म मोटरसाईकल र्‍याली निकालिएको थियो । र्‍यालीलाई कोणसभामा परिणत गर्दै राष्ट्रियताको पक्षमा नेपाली युवाहरू निरन्तर लागी पर्ने प्रतिवद्धता जाहेर गरिएको थियो । कार्यक्रममा नेकपा (एकीकृत समाजवादी) पार्टीका नेता-कार्यकर्ताको साथै युवा संघको केन्द्रीय टोलीले सम्बोधन गरेको थियो ।

'राष्ट्र निर्माणमा युवा जनशक्ति परिचालन गरौं, भ्रष्टाचारको जरो उखेलौं', भन्ने नाराका साथ अभियानको थालनी गरिएको थियो । जनतामा सकारात्मक सन्देश प्रवाह गर्दै राजनीतिप्रति उत्साह बढाउने, युवा पलायनलाई रोक्ने तथा भ्रष्टाचारविरुद्ध आवाज उठाउने र समाजवादी यात्रामा आम जनसमुदायलाई लामबद्ध हुन प्रेरित गर्ने सन्देश प्रवाहको लागि अभियान सुरु गरिएको युवा संघले जनाएको छ । ' भ्रष्टाचार र अनियमितताको आधार, भड्किलो र खर्चिलो उम्मेदवार बहिष्कार' भन्ने नाराका साथ युवा संघले अभियान सञ्चालन गरेको हो । महाकालीबाट यात्रा सुरु गर्ने र मेचीमा पुगेर टुंगिने युवा संघले जनाएको छ । कार्यक्रममा सयौं कार्यकर्ताको सहभागिता थियो ।

## संक्षिप्त

### श्रीमतीको हत्यामा संलग्न पक्राउ

**बारा (प्रस)–** आफ्नै श्रीमती २५ वर्षीया सहनाज खातुनको हत्या गरेको अभियोगमा महागढीमाई नगरपालिका-३ गंजभवानीपुर बस्ने २७ वर्षीय सैमोदिन अंसारीलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

सहनाजको आफ्नै घरमा बिहीबार शंकास्पद मृत्यु भएको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीले घटनाको थप अनुसन्धान गर्ने क्रममा सैमोदिनले श्रीमतीको हत्या गरेको खुल्न आएपश्चात उनलाई पक्राउ गरेको हो । साथै सोही घटनामा संलग्न उनकै भाउजु अप्सना खातुन समेतलाई प्रहरीले पक्राउ गरेको छ । उनीहरू उपर कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत बाराबाट ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ ।

### एकै परिवारका तीन जनाको हत्या

**उदयपुर (प्रस)–** बेलका नगरपालिका-७ गोवाटार बस्ने एकै परिवारका ३७ वर्षीय राज कुमार बस्नेत, उनकै श्रीमती ३३ वर्षीया सरिता बस्नेत र छोरा १२ वर्षीय सुजन बस्नेतको धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ४० वर्षीय नर बहादुर बस्नेतलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ ।

सोही ठाउँस्थित दिलुटार वादिम खोलामा नर बहादुरले खुकुरी प्रहार गर्दा तीनै जनाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय उदयपुर, ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला र ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

### धारिलो हतियार प्रहार गरी हत्या

**नुवाकोट (प्रस)–** तादी गाउँपालिका-५ गोरे बस्ने ५० वर्षीया दुर्गा न्यौपानेको धारिलो हतियार प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ४० वर्षीय शम्भु तामाङलाई प्रहरीले पक्राउ गरेको छ । शम्भुले भदौ ५ गते धारिलो हतियार हसियाँ प्रहार गर्दा दुर्गा गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय खरानिटारबाट खटिएको प्रहरीले धारिलो हतियार प्रहार गर्ने शम्भुलाई हसियाँ सहित पक्राउ गरेको हो । साथै घाइतेलाई उपचारका लागि खरानिटार अस्पताल हुँदै थप उपचारको लागि शिक्षण अस्पताल महाराजगंज पठाएकोमा उपचारको क्रममा बुधबार दुर्गाको मृत्यु भएको हो ।

### सवारी दुर्घटनामा तीनको मृत्यु

**सुनसरी (प्रस)–** इटहरी उपमहानगरपालिका-२ आँपगाछीस्थित सडकमा प्रदेश नम्बर १-०२-००२ च ४६६२ नम्बरको भेनले को.१६ प ५७२० नम्बरको मोटरसाइकललाई शुक्रबार ठक्कर दिँदा मोटरसाइकल चालक इटहरी उपमहानगरपालिका-२ बस्ने ३१ वर्षीय लोमस दाहालको मृत्यु भएको छ ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको न्यूरो हस्पिटल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै, दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# 'सरकारले विकासे आयोजना कटौती गर्‍यो'


**इनरुवा (प्रस)–** नेकपा (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले एक वर्षमा सरकारले विकास निर्माणका आयोजनाहरू कटौती गरेको आरोप लगाएका छन् ।

सुनसरीको दुहबी नगरपालिकामा शनिबार एमाले क्षेत्र नं ३ ले आयोजना गरेको कार्यक्रममा अध्यक्ष ओलीले सो आरोप लगाएका हुन् । उनले सामाजिक न्याय र समानताका आधारमा सबैलाई बराबरी हक हुनुपर्ने बताए । उनले सबैलाई बराबरी सुरक्षा, बराबरी अवसर, बराबरी सम्मानका आधारमा राष्ट्रिय एकता कायम गरेर एकता प्रबद्ध प्रयास गर्नुपर्ने सुझाव दिए । उनले सामाजिक न्याय र समानताका आधारमा नेपाललाई विश्वको नमूना राष्ट्रिय बनाउन सकिने विश्वास व्यक्त गरे ।

अध्यक्ष ओलीले मंसिर ४ गतेको निर्वाचनमा देश, जनता, लोकतन्त्र, राष्ट्रियता, स्वाधीनता, स्वतन्त्रताले जित्ने बताए ।

# काष्ठपाटी कुँद्ने शिक्षक !

■ भूमिराज पिठातोली




**बझाङ–** अहिलेको पुस्तालाई कुनै बेलामा खरीले समेत लेखिन्थ्योभन्दा अनौठो लाग्छ । तर त्यही पुस्ता हो जसले खरीले लेखेर नै उच्च शिक्षाको खुट्किलो पार गर्थे । त्यसैमध्येका एक हुन् लक्ष्मी आधार भूत विद्यालय छबिसपाथिभेरामा कार्यरत पुष्पराज जोशी ।

मुलुकमा परिवर्तनसँगै शिक्षा क्षेत्रले फड्को मारेको छ । खरिपाटी, काष्ठपाटी, कालोपाटी अहिलेको पुस्तालाई धेरै पुराना भइसकेका छन् । डिजिटलको युगमा काष्ठपाटी सम्झिने कुरामात्रै भयो । त्यससँगै खरीपाटी पनि पुरानै । तर यो समयमा पनि विद्यालयमा नियमित काठ कुँदेरै अध्यापन गराइरहेका छन् पदमराज ।

मुलुकभरका अधिकांश विद्यालय पनि प्रविधिमैत्री हुँदैछन् । धेरैजसो विद्यालयमा प्रोजेक्टरको माध्यमबाट पढाइ हुन्छ । केही विद्यालयमा यसरी पढाइ हुन थालेको दशकभन्दा बढी भइसक्यो । तर पदमराज भने काठ कुँदेर सीप सिकाउँदै विद्यार्थीलाई 'सिपालु' बनाइरहेका छन् । उनको कलाशैलीले नै कतिपय विद्यार्थी निकै सिपालु भइसकेका छन् ।

बाल्यकालदेखि नै काठमा चित्र कोर्नेदेखि लेख्ने अभ्यास गरेका जोशीले अहिलेसम्म हजारभन्दा बढी काठ खोप्दै अक्षर लेखिसकेका छन् । बाजुराको ढम्केनेस्थित सरस्वती माविमा काम गर्दा उनलाई 'सिपालु शिक्षक' भन्दै विभिन्न संस्थाले देशभरि नै घुमाए । उनले आफ्नो सीप जुन-जुन ठाउँ गए, त्यो ठाउँमा सिकाउँदै पनि आउँथ्ये ।

२०५१ देखि सुरू गरिएको काष्ठपत्र जोशीले शिक्षक पेशा सम्हालेको केही समयमै बाजुरामा काष्ठपाटी कुँद्न सुरू गरे । विसं २०५१ मा विद्यार्थीलाई पढाउन सुरू गरेको काष्ठपाटी विस्तारै बाजुरामा लोकप्रिय हुँदै गयो । जोशीले २०४८ मा १२ कक्षा पास गरी ढम्कनेबाट सरूवा भए । दहकोटमा प्रधानाध्यापक भएर गइसकेपछि उनलाई काष्ठ कुँद्न सहज भयो । उनले काठ कुँद्दा वरिपरि हेर्नेको घुइँचो नै लाग्थ्यो । कतिपय ठाउँमा अरू अभिभावकले पनि त्यो अभ्यास गरे । जोशीले भने निःशुल्क काठ पाएपछि तीन दशकसम्म काष्ठपाटी कुँदिरहे ।

सामान्य परिवारमा जन्मेका पुष्पराज न्यायाधीश केशवराज जोशीको सहयोगीका रूपमा बाजुरा पुगेका थिए । बाजुरामा एसएलसी पास गरेको हुँदा न्यायाधीशसहित जिल्लाका जिम्मेवार व्यक्तिले उनलाई जागिर लगाए । मेहेनती पुष्पराजलाई बाजुराको माटोले धेरै ठाउँमा अघि बढ्ने मौका दियो ।

बाजुरामा प्रमुख जिल्ला अधिकारी, जिल्ला शिक्षा अधिकारीसहितको टोली अनुगमनमा आएपछि पुष्पराजले कुँदेका काष्ठपाटीहरू सार्वजनिक भएका हुन् । विद्यालयको भित्तामा लहरै टाँसेका पाटीले सबैको ध्यान खिच्दै गए ।

कला देखेर युनिसेफका दमन रूपाखेती र राधिका तुम्बाहाम्फेले धेरै ठाउँमा घुम्ने अवसर जुराए । शिक्षक पुष्पराजले मुलुकका ३०-४० जिल्लामै घुमेर आफ्नो सीप साट्ने अवसर पाए । उनलाई झापामा भ्रमणमा गएको बेला रूपाखेतीले नै सरसामग्री जुटाएर छिटो तस्वीर कोर्न सिकाएका थिए । त्यसपछि जोशीको काष्ठपाटी कुँदाइको गति बढ्दै गयो । जोशी रूपाखेतीलाई गुरू मान्छन् ।

बाजुरामा बस्दा जोशीलाई काठ खोप्न कहिल्यै समस्या भएन । तर पेन्टिङ गर्नलाई बाहिरबाट ल्याउनुपर्ने हुँदा अलि समस्या हुन्थ्यो । अहिले पनि पुष्पराज काष्ठमै लेखेर विद्यार्थीलाई पढाउने, कुँद्न सिकाउने गर्छन् । उनको त्यो उद्देश्य भनेको विद्यार्थीलाई पनि 'सिपालु' बनाउनु हो । 'मलाई कुनै निकायबाट केही चाहिएको छैन । तर विद्यार्थीलाई स्वतन्त्ररूपमा हरेक विषयमा आफूले सिकेको सीप सिकाउन पाए त्यसैमा खुसी हुन्थेँ', उनी भन्छन् ।

विसं २०७४ मा पुष्पराज बझाङ सरूवा भए । बझाङमा आफ्नो घरछेउकै विद्यालय काष्ठपाटीमैत्री बनाउने सोचमा थिए । तर स्थानीय सरकारले नै चासो नदिएपछि उनी निरास भए । अहिले लक्ष्मी आधार भूत विद्यालयमा हेर्दा उनले कुँदेका दर्जनौं काष्ठपाटी रङरोगन गर्न नपाएर थन्किएका छन् । 'आफ्नै ठाउँका बालबालिकालाई पढाउन सुरूमा धेरै पाटीमा खोपियो', उनी भन्छन्, 'अहिले रङकै अभावले कुहिन लागेका छन् ।' जीवनको उत्तरार्द्धमा प्रवेश गरेका जोशी नमूना विद्यालय बनाउन चाहन्छन् । तर कुनै निकायबाट पनि सहयोग पाएका छैनन् ।

लक्ष्मी आधारभूत विद्यालयमा एक सय पाँच विद्यार्थीका लागि पाँच शिक्षक छन् । दुई स्थायी दरबन्दी, दुई राहत र एक इसिजी । पुष्पराजको दैनिक समय विद्यार्थी तथा शिक्षकलाई आफ्नो कला सिकाउने हो । कुँदेका काष्ठपाटीमार्फत विद्यार्थीलाई पढाउने गर्छन् ।

बाजुरामा उनको कलाले स्वर्ण पदकसम्म पाएको थियो । बझाङमा खासै गतिलो प्रतिक्रिया नपाएको उनी बताउँछन् । उनको घरमा उनीजस्तै सिपालु सन्तति पनि छन् । उनको जेठो छोरा पारसले २०६० सालमा चित्रकलाबाटै सात लाख पुरस्कार जितेका थिए । परिवारका अन्य सदस्यले पनि काष्ठपाटीप्रति निकै चासो दिने गरेका जोशी बताउँछन् । *रासस*

## 'हिजो आजका कुरा' को 'परदेश' गीत सार्वजनिक



बरिष्ठ अभिनेता सन्तोष पन्तले निर्माण गरेको चलचित्र 'हिजो आजका कुरा' मा समाबेश 'परदेश' बोलको गीत शुक्रबार सार्वजनिक गरिएको छ । असोज २८ गतेदेखि प्रदर्शन हुने चलचित्रको निर्देशन साकार पन्तले गरेका हुन् । सार्वजनीक दोश्रो गीतको शब्द एक्तारे र साकार पन्तले लेखेका हुन् भने स्वर र संगीत हर्कुलस बस्नेतको छ । बिरही भावको गीतको भिडियोमा सन्तोष पन्त, रमा थपलीया,साकार पन्त,ऋचा शर्मा,रिमा बिश्वकर्मा,केकी अधिकारी,लक्ष्मी भुसाल,रबि डंगोल,मन्जु श्रेष्ठ,दिब्य देवलगायतका कलाकारहरू समेटिएका छन् ।

# घनेन्द्रलाई गजल सारथि



■ प्रभाव संवाददाता

**काठमाडौं–** साहित्यकार घनेन्द्र ओझालाई 'गजल सारथि' सम्मान प्रदान गरिएको छ । सर्लाहीको लालबन्दी नगरपालिकाको लालबन्दी नगर वाङ्मय परिषद्ले शनिबार ओझालाई उक्त सम्मान प्रदान गरेको हो ।

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा. जगतप्रसाद उपाध्याय 'प्रेक्षित'ले दोसल्ला र सम्मानपत्रले ओझालाई सम्मान गरेका हुन् । ओझा दुई दशकदेखि नेपाली गजलको विकास, विस्तार र परिष्कार अभियानमा निरन्तर सक्रिय छन् । परिषद्का कोषाध्यक्ष विवश पौडेलले घनेन्द्र ओझाको नेपाली गजल क्षेत्रमा योगदानको चर्चा गरेका थिए । पौडेलले घनेन्द्रका हालसम्म विभिन्न विधा र सिद्धान्त/समालोचनाका कृतिहरू प्रकाशन भएका बताए ।

ओझाका हालसम्म प्रकाशित साहित्यिक कृतिहरूमा 'आफ्नै चिहानमा टेकेर', २०६२, 'बल्भ्रेर याद तिम्रो', २०६२, 'बाटो अझै छ बाँकी', २०६५ (राधा कणेलसँग संयुक्त) गजलसङ्ग्रहहरू तथा 'दुल्हा राजा आउनुभो', २०६९ बाल गजलकृति प्रकाशित छन् । उनका 'एउटा अर्को सङ्ग्रामको घोषणा', २०६५ र 'असमान पहाडहरू', २०७८ कविताकृति पनि प्रकाशित छन् । 'नेपाली गजलः विगत र वर्तमान', २०६४ (संयुक्त), 'गजल कसरी लेख्ने ?', २०६६ (संयुक्त), 'नेपाली गजलः सिद्वान्त र विवेचना', २०६७ र 'गजलज्ञान', २०७१ जस्ता गजलका सैद्वान्तिक/समालोचनात्मक पुस्तकहरू समेत लेखिसकेका ओझाले नेपाली गजललाई परिष्कार गर्ने र छिरलिएको नेपाली गजललाई सैद्वान्तिक मार्गमा ल्याउने प्रयत्न विगत डेढ दशकदेखि गर्दै आएका छन् ।

ओझाले 'बहरमाला', २०६३, 'गजलमाला', २०६६ संयुक्त छन्द/बहरबद्ध गजलकृतिहरू, १९ वटा भाषाको 'राष्ट्रिय भाषाका गजलहरू', २०६९, समस्यापूर्ति संयुक्त गजलकृति 'छातीभरी दुख्छ देश', २०७२, 'गजल बहस', २०७१, गजलप्रधान पत्रिका 'अनाम' तथा 'अनाममण्डली' स्मारिकाको सम्पादनसमेत गरिसकेका पौडेलले जानकारी दिए । ओझाको भर्खरै शास्त्रीय बहरमा मात्र लेखिएका गजलहरूको एल्बम 'शुभेच्छा' बजारमा आएको छ । सन्तोष श्रेष्ठको सङ्गीत रहेको उक्त एल्बममा ज्ञानु राणा, आनन्द कार्की, शिव परियार, सन्तोष श्रेष्ठ, निशा देशार र अस्मिता अधिकारी गरी नेपाली गायनका ४ पुस्ता समेटिएको छ ।

अनाममण्डलीका संस्थापक महासचिव तथा पूर्वअध्यक्ष, यसरी नै अन्तर्राष्ट्रिय नेपाली गजल मञ्च, संस्थापक महासचिव तथा हाल अध्यक्ष रहेका ओझा नेपाली लेखक सङ्घका पूर्वसचिव हुन् ।

नेपाली गजलमा पहिलो छन्द/बहरबद्ध गजलकृति 'बल्भ्रेर याद तिम्रो', २०६२ प्रकाशन, नेपाली गजलमा पहिलो छन्द/बहरबद्ध संयुक्त गजलकृति 'बहरमाला', २०६३ र दोस्रो छन्द/बहरबद्ध संयुक्त गजलकृति 'गजलमाला', २०६६ सम्पादन तथा नेपाली गजलमा पहिलो बहरबद्ध गजल एल्बम 'शुभेच्छा' प्रकाशन गर्ने घनेन्द्र ओझालाई 'गजल सारथि' सम्मान प्रदान गर्दा परिषद् र लालबन्दी नगर खुसी भएको आयोजकले बताए ।

# क्यानभासमा नेपाली कला संस्कृति

■ प्रभाव संवाददाता



**काठमाडौं–** विभिन्न देशका डेल्फिक काउन्सिलहरूले १ सेप्टेम्बरमा एकसाथ आयोजना गरेको एकदिने चित्रकला कार्यशाला 'डेल्फिक आर्ट वाल कोलिशन' नेपालमा पनि आयोजना गरिएको छ । गत वर्ष नेपालमा गठन भएको 'अन्तर्राष्ट्रिय डेल्फिक काउन्सिल'को नेपाल च्याप्टर 'नेसनल डेल्फिक काउन्सिल नेपाल'को आयोजनामा बिहीबार काठमाडौंको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको हलमा कार्यशाला सम्पन्न गरिएको हो ।

उक्त कार्यशालामा आठ वर्षदेखि ७० वर्षसम्मका ७५ जना विद्यार्थी तथा पेसागत चित्रकारहरूले पाँच फिट उचाइ तथा एक सय फिट लम्बाइ रहेको एउटै क्यानभासमा 'नेपालको कला संस्कृति' विषयमा आधारित रही विभिन्न चित्रकला तयार पारेका छन् ।

१० बजेदेखि सुरु भएको चित्रकला कार्यशाला साँझ ५ बजेसम्म सञ्चालनमा थियो । कार्यशालामा विभिन्न विद्यालयका विद्यार्थीदेखि नाम चलेका चित्रकारहरूको सहभागिता थियो । चित्रकला कार्यशालाको समापनमा सम्पूर्ण चित्रकारहरूलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिएको थियो ।

कार्यशालाको उदघाटन समारोहका प्रमुख अतिथि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति केके कर्माचार्यले विश्व शान्तिको कामना गर्दै खाली क्यानभासमा स्वयम्भूनाथ स्तूपको चित्र बनाएर कार्यशाला सुरु गरेका थिए । उनले यो कार्यक्रम नेपालको लागि निकै नौलो रहेको बताए । उनले डेल्फिक काउन्सिलको नेपाल च्याप्टर स्थापनाको छोटो समयमै भइरहेको यो कार्यशाला अत्यन्त महत्त्वपूर्ण रहेको र यसले नेपाललाई संसारमा चिनाउने विश्वास व्यक्त गरे ।

चित्रकला कार्यशालामा सहभागीहरूले एकसाथ तयार गरेको क्यानभास विभिन्न अन्तर ाष्ट्रिय कला प्रदर्शनीहरूमा नेपालको तर्फबाट प्रस्तुत गरिने आयोजक संस्था डेल्फिक काउन्सिल नेपालका अध्यक्ष श्रीदेव बिएल (बाबुराम अर्याल) ले बताए ।

नेसनल डेल्फिक काउन्सिल नेपालका उपाध्यक्ष तथा कार्यशालाका कार्यक्रम निर्देशक जीवनकुमार पराजुलीले कला क्षेत्रमा रुचि रहेका विद्यार्थी तथा कलाकारहरूको क्षमता प्रस्फुटन गरी अन्तर्राष्ट्रिय रूपमै पहिचान प्राप्त गर्ने एक खुड्किलोको रूपमा चित्रकला कार्यशालालाई लिएको बताए ।

# 'महापुरुष'को विदेशमा पनि रेगुलर शो

**काठमाडौं (प्रस)–** पछिल्लो समय नेपाली फिल्मको लगानी मात्र नभई विदेशी बजारले मुनाफासमेत दिने गरेको छ । नेपालमा राम्रो भनिएका फिल्मलाई विदेशमा हेर्न दर्शक लालायित हुन्छन् । यस्तै विदेशमा पनि केही मेकर्सले आफ्नो विश्वास बढाएका छन् । जसको फिल्म आउना साथ विदेश राइट्स लिने र विदेशमा प्रदर्शन गराउन तत्पर हुन्छन् । यस्तै फिल्ममध्येको एक हो, 'महापुरुष' ।

जात्रा र जात्रैजात्राको सफलतापश्चात कलाकार रवीन्द्रसिंह बानिया र निर्देशक प्रदीप भट्टराईको निर्देशनमा तयार भएको फिल्म ११ कात्तिक अर्थात् भाइटीकाको भोलिपल्ट प्रदर्शन हुँदैछ । हाँस्यकलाकारद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको मुख्य भूमिका रहेको फिल्म 'महापुरुष' नेपालसँगै विदेशमा पनि प्रदर्शनमा आउँदैछ । फिल्म नेपालसँगै अमेरिका, अस्ट्रेलिया, बेलायत, जापान, युरोप, दक्षिण कोरिया, मिडल इस्टका देशहरूमा एकसाथ प्रदर्शनमा आउँदैछ ।

सलाई अस्ट्रेलियामा एमएसएम इभेन्ट्सले प्रदर्शन गर्दैछ । यस्तै, अमेरिकामा नेपाल ११ इन्टरटेनमेन्ट एलएलसीले प्रदर्शन गर्दैछ । यीबाहेक अन्य देशको जानकारी पनि छिट्टै दिने निर्माण पक्षले जनाएको छ ।

अस्ट्रेलियामा शो गर्न लागेको एमएसएम इभेन्ट्सले नेपाली फिल्मलाई वजार विस्तारमा काम गरिरहेको जनाएको छ । एमएसएमले अस्ट्रेलियाका विभिन्न प्रान्तमा शो आयोजना हुन् सक्ने र एकै सर्भरमार्फत टिकट लिन सकिने गरी एप डेभलप गरिरहेको छ । यसले निकट भविष्यमा अस्ट्रेलियामा कहाँ कति शो भयो र शोमा कति दर्शक उपस्थित भए भन्ने तथ्यलाई विश्वभर पारदर्शी बनाउँछ ।

एमएसएम इभेन्ट्सलाई पाँच सदस्य मिलेर सञ्चालनमा ल्याएका छन् । प्रदीप भट्टराई निर्देशित पछिल्लो फिल्महरूको अस्ट्रेलियाको व्यापारलाई हेरेर नै 'महापुरुष' महँगोमा राइट्स लिएको जनाएको छ । 'हामीले यहाँ दर्शकको डिमान्डलाई मध्यनजर गर्दै फिल्मको राइट्स लिएका हौं । उहाँहरूको पछिल्लो फिल्महरूले दर्शकलाई निराश बनाएका छैनन् । यसैले गर्दा नेपालसँगै सोही डेटमा अस्ट्रेलियाका विभिन्न सहरहरूमा फिल्म दर्शकले हेर्न पाउनु हुनेछ । हामी रेगुलर रिलिज नै हलमा गर्दैछौं,' एमएसएमका एक प्रतिनिधिले भने ।

एमएसएम इभेन्ट्सझैं अमेरिकाको विभिन्न सहरहरूमा शो आयोजना गर्न लागेका नेपाल ११ इन्टरटेनमेन्टका प्रतीक सुवेदीले दर्शकको विश्वास प्रदीप र रवीन्द्रले जितेको बताए । 'हामीले यहाँ विभिन्न शोहरू आयोजना गरिसकेका छौं । उहाँहरूको फिल्मले दर्शकलाई कहिले निराश बनाएको छैन । त्यसैले हामीले राइट्स ढुक्क भएर खरिद गरेका हौं,' सुवेदीले भने । उनले मोमो इन्टरटेनमेन्टका विपीन थकालीसँग मिलेर अमेरिकासँगै क्यानाडामा शो गरिरहेका छन् । त्यहाँ दर्शकलाई नेपालझैं रेगुलर शोमा फिल्म देखाउने काम उनले गरिरहेका छन् ।

'हामीले शो समय रेगुलरमै राख्यौं भने दर्शकले समयअनुसार शो पाउनु हुन्छ । यसले दर्शकले शोकै टाइममा आफ्नो काम छाडेर फिल्म हेर्न आउनुपर्ने बाध्यता हुँदैन ।

## रंगशाला

# 'अन्तर्राष्ट्रिय क्षेत्रमा खरो उत्रनसक्ने खेलाडी आउनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली खेलकुद क्षेत्रमा निखारता ल्याउँदै खेलाडीलाई अन्तर्राष्ट्रिय क्षेत्रमा खरोरूपमा उत्रनसक्ने बनाउनुपर्ने बताएका छन् । काठमाडौँमा शनिबार राष्ट्रिय खेलकुद परिषद् (राखेप) को ५९औं वार्षिकोत्सव समारोहमा प्रधानमन्त्री देउवाले पछिल्लो समयमा खेलाडीले अन्तर्राष्ट्रिय क्षेत्रमा सहभागी भई मुलुकको नाम उच्च बनाउँदै गएको स्मरण गर्दै अझै सफलता प्राप्त गर्नुपर्ने आवश्यकता औंल्याए ।

'खासगरी केही वर्षयता नेपाली खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगितामा विजयी भएर नेपालको नाम उँचो बनाउँदै विजयको माला पहिर्‍याएर फर्किनु हामी सबैका लागि गौरवको विषय हो, यसका लागि सम्पूर्ण खेलाडी तथा प्रशिक्षकलाई धन्यवाद दिन चाहन्छु', प्रधानमन्त्री देउवाले भने, 'अझै उच्च सफलता प्राप्त गर्दै नेपालको प्रतिष्ठा अभिवृद्धि गर्दै लैजानेछ भन्ने अपेक्षा छ, खेलकुदमा अझै निखार ल्याउँदै अन्तर ाष्ट्रिय क्षेत्रमा खरो उत्रनसक्ने बनाउनु आजको आवश्यकता हो, यस कार्यमा नेपाल सरकारको पूर्ण सहयोग रहने प्रतिबद्धता जनाउन चाहन्छु ।' प्रधानमन्त्री देउवाले सीमित स्रोत र साधनका बाबजुद नेपाली खेलकुद क्षेत्रले हालसम्म प्राप्त गरेको उपलब्धि प्रशंसनीय रहेको बताए । उनले नेपाली खेलाडीले विभिन्न कठिनाइका बाबजुद स्वदेश तथा विदेशमा उत्कृष्ट प्रस्तुति दिँदै आएको पनि खुसी व्यक्त गरे ।

उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी देशका गहना भएको बताए । उनले देशको शिर उँचो बनाउन खेलाडीले गरेको मेहनत र प्राप्त उपलब्धिको सरकारले उच्च मूल्याङ्कन गरेको उल्लेख गरे । खेलाडीलाई सम्भव भएसम्म आर्थिक र गैरआर्थिक सुविधाका साथ प्रोत्साहित गर्न सरकार प्रयत्नशील रहेको प्रधानमन्त्री देउवाको भनाइ थियो । खेलाडीको क्षमता विकासका लागि आर्थिक सुधारका अतिरिक्त खेल पूर्वाधार महत्त्वपूर्ण पक्ष रहेको उनले बताए । उनले मुलुकको विभिन्न क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको पूर्वाधार विकास गर्ने योजना सरकारको प्राथमिकतामा रहेको जानकारी दिँदै खेलाडीलाई नियमित अभ्यास र अन्तर ाष्ट्रियस्तरको प्रशिक्षणको आवश्यकता औंल्याए ।

खेलकुदका क्षेत्रमा राष्ट्रियस्तरको पूर्वाधार निर्माण गरी क्षेत्रीय र अन्तर्राष्ट्रिस्तरको खेलकुद प्रतियोगिता सञ्चालन गर्ने वातावरण निर्माण गर्न सम्बन्धित मन्त्रालय र राखेपले थप सक्रियता दिनुपर्नेमा जोड दिए । प्रधानमन्त्री देउवाले मुलुकमा विभिन्न प्रकारका राष्ट्रिय तथा प्रादेशिकस्तरका खेल आयोजना गरी निरन्तररूपमा खेलाडीको प्रतिभालाई तिखार्ने अवसर दिलाउन परिषद्लाई निर्देशन दिए ।

नियमित खेलकुदका कार्यक्रम आयोजना हुन नसक्दा खेल प्रतिभा पलायन हुनेतर्फ ध्यानाकर्षण गराउँदै उहाँले परिषद्को संस्थागत विकासका लागि सरकार प्रयत्नशील रहेको पनि जानकारी दिए । उनले परिषद्ले आफ्ना कमजोरी सुधार गर्दै खेल क्षेत्रको विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सकोस् भनी शुभकामना दिए ।

उक्त समारोहमा युवा तथा खेलकुदमन्त्री महेश्वर जङ गहतराजले राज्यले ओलम्पिकमा स्वर्ण पदक विजेता खेलाडीलाई रु एक करोड ३० लाख पुरस्कार दिने घोषणका लागि राज्यले कानुनी व्यवस्था गर्न लागेको जानकारी दिए ।

मन्त्री गहतराजले भने, 'खेलाडीले अब खेल खेल्दा खाली हात होइन्छ कि भनेर सोच्नुपर्ने अवस्था छैन, राष्ट्रका लागि खेल खेल्ने उनीहरूलाई राज्यले उचित सम्मान र पुरस्कारको प्रबन्ध गर्न लागेको छ, आगामी मन्त्रिपरिषद्बाट पास हुँदैछ ।' उनले आगामी एशियन खेलमा स्वर्ण पदक जित्ने खेलाडीले रु ३०/३२ लाख पुरस्कार प्राप्त गर्ने पनि जानकारी दिए ।

केही दिनमा मन्त्रिपरिषद्बाट पारित हुन लागेको राष्ट्रिय खेलकुद परिषद्को नियमावलीमा खेलाडीलाई उक्त पुरस्कार दिने व्यवस्था गर्न लागिएको उनले जानकारी दिए । 'उत्कृष्ट खेल खेलेमा कानुनीरूपमा नै राज्यबाट सम्मान र पुरस्कार प्राप्त गर्ने आधार तयार भएको छ', समारोहमा उनले थपे ।

मन्त्री गहतराजले खेलाडीले उच्च मनोबलका साथ राष्ट्रका लागि खेल्दैछौं, व्यक्तिगतरूपमा पनि खेलबाट राम्रो व्यवस्था हुँदैछ भन्ने कुरालाई आत्मसात गर्नुपर्ने अवस्था आएको पनि बताए । खेललाई अब सामान्य क्रियाकलापका लागि मात्रै नभएर उद्योग र अन्तर्राष्ट्रिय सम्बन्धका रूपमा विकास गर्नुपर्ने तथा प्राकृतिक सौन्दर्यलाई उपयोग गर्दै खेल पर्यटनकैरूपमा विकास गर्दै लैजानु जरुरी रहेको बताए ।

उनले खेलकुदलाई सामान्य क्रियाकलापले मात्रै बुझ्ने गल्ती गरेमा तत्वयिक सफता प्राप्त गर्न नसकिने बताए । उनले खेललाई जीवनको पर्यायका रूपमा विकास गर्दै बहुआयामिक पक्षसँग जोड्नुपर्ने आवश्यकता औंल्याए । उनले खेलकुद भनेको विज्ञान हो भन्दै यसलाई खेलकुद शिक्षाका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । प्राथमिक तहदेखि नै खेलकुदप्रति लगाव विकास गर्नु आवश्यक रहेको मन्त्री गहतराजको भनाइ थियो । सरकारकाले स्पोर्टस् विश्वविद्यालय बनाउने सोचका साथ नीति तथा कार्यक्रममा समावेश गरेको जानकारी दिँदै उनले त्यसले ओलम्पिकसम्मको यात्रालाई सफलतामा पुर्‍याउन मद्दत गर्ने बताए ।

## ठमेल पर्यटन भेट्रान्स फुटबल कप प्रतियोगिता हुने

**काठमाडौं (प्रस)–** ठमेल पर्यटन विकास परिषद्को आयोजनामा पहिलोपटक ठमेल पर्यटन भेट्रान्स फुटबल कप प्रतियोगिता हुने भएको छ । परिषद्ले शुक्रबार पत्रकार सम्मेलन गरी खेलकुद क्षेत्रमार्फत ठमेल क्षेत्रको प्रवर्द्धन गर्नका लागि प्रथम ठमेल पर्यटन भेट्रान्स फुटबल कप प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिएको हो ।

पत्रकार सम्मेलनमा परिषद्का उपाध्यक्ष एवं प्रतियोगिताका संयोजक प्रश्रय राजभण्डारीले खेलकुद क्षेत्रमार्फत ठमेल क्षेत्रको पर्यटन विकासका लागि आगामी असोज ९ देखि ११ गतेसम्म लैनचौर फुटबल मैदानमा उक्त प्रतियोगिता गर्न लागेको जानकारी दिए ।

प्रतियोगितामा ठमेल क्षेत्रका दुई टिमसहित काठमाडौँ, पोखरा, धरान, चितवनलगायत देशभर मुख्य सहरका २० टिमको सहभागिता रहने संयोजक राजभण्डारीले बताए ।

चालीस वर्ष उमेर कटेका खेलाडीको सहभागिता रहने उक्त खेलमा टिम दर्ताका लागि रु १० हजार तोकिएको छ भने टिम दर्ता अवधि असोज २ गतेसम्मलाई दिइएको छ । संयोजक राजभण्डारीका अनुसार खेल सेमिफाइनलसम्म ४० मिनेटको र फाइनल खेल ६० मिनेटको हुनेछ ।

खेलमा प्रथम हुने टिमलाई रु दुई लाख नगद, मेडल र प्रमाणपत्र, दोस्रो हुने टिमलाई नगद रु एक लाख मेडल र प्रमाणपत्र, उत्कृष्ट खेलाडी, धेरै गोल हान्ने खेलाडी र उत्कृष्ट गोलकिपरलाई जनही रु १० हजार र प्रमाणपत्र प्रदान गरिने आयोजकले जनाएको छ ।

एनसेलको सहयोगमा काठमाडौँ महानगरपालिका-२६ लैनचौरमा निर्माण भएको उक्त खेलमैदान लैनचौर युवा क्लबले ठमेल पर्यटन भेट्रान्स फुटबल कपका लागि ठाउँ निःशुल्क उपलब्ध गराउने क्लबका अध्यक्ष एवं सामुदायिक प्रहरी सेवा केन्द्र ठमेलका अध्यक्ष रम्बा रजकले जानकारी दिए । परिषद्का अध्यक्ष भविश्वर शर्माले खेलकुद क्षेत्रलाई पर्यटनसँग जोड्दै ठमेल क्षेत्रमा आन्तरिक पर्यटन प्रवर्द्धन गर्नका लागि उक्त प्रतियोगिता आयोजना गरिएको जानकारी दिए ।

**नेपाल-केन्या एकदिवसीय क्रिकेट**

# रोहितको कप्तानी पारीसँगै नेपाललाई सिरिज

**काठमाडौं (प्रस)–** नेपालले दोस्रो एकदिवसीय खेलमा घरेलु टोली केन्यालाई पराजित गर्दै सिरिज हात पारेको छ ।

नैरोवीस्थित जिमखाना क्रिकेट मैदानमा शनिबार नेपालले केन्यालाई १७ रनले हराएको हो । यस जितसँगै तीन खेलको सिरिज नेपालले एक खेल अगावै २-० ले जितेको छ । पहिलो एकदिवसीयमा नेपालले केन्यालाई ७ विकेटले पराजित गरेको थियो । अब नेपालले घरेलु टोलीविरुद्धको तेस्रो एकदिवसीय खेल सोमबार खेल्नेछ ।

नेपालले यस अघि केन्याविरुद्धको पाँच खेलको टी-ट्वान्टी अन्तराष्ट्रिय सिरिज ३-२ ले जितेको थियो । नेपालले दिएको २ सय ३१ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको केन्याले ४६ ओभर ३ बलमा अलआउट हुँदै २ सय १३ रन बनाउन सक्यो । केन्याका लागि रकिप पटेलले ८१ रनको अर्धशतकीय इनिङ खेले ।

कोलिन्स ओबुयाले ३७ रन जोड्दा नेल्सन ओधियाम्बोले २८ रन बनाए । गेराड मुथुईले २० रन बनाए । नेपालका दीपेन्द्र सिंह ऐरीले ४ तथा सोमपाल कामीले ३ विकेट लिए । करण केसी, आदील अन्सारी र पवन सर्राफले १/१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ४९ ओभर २ बलमा अलआउट हुँदै २ सय ३० रन बनाएको थियो । नेपालका लागि कप्तान रोहित पौडेलले ७८ रनको अर्धशतकीय इनिङ खेले । रोहितले




९५ बलमा ७ चौका प्रहार गरे ।

यस्तै देव खनालले ३७ रन जोड्दा सोमपाल कामीले २६ रन बनाए । ज्ञानेन्द्र मल्लले २५, वसिर अहमदले १७, आदील अन्सारीले १४, अर्जुन साउदले ५ तथा दीपेन्द्र सिंह ऐरी र पवन सर्राफ समान २ रन बनाएर आउट भए ।

करण केसी ११ रनमा आउट हुँदा आदील आलम सुन्य रनमा अविजित रहे । केन्याका भिराज पटेल, शेम एन्गोचे, नेहिमिह ओधियाम्बोले २/२ विकेट लिए ।

खेलमा नेपालका तर्फबाट ७८ रन बनाएका कप्तान रोहित पौडेल म्यान अफ द म्याच घोषित भए । नियमित कप्तान सन्दीप लामिछानेको अनुपस्थितिमा टिमको कप्तानी गरेका पौडेलको कप्तानीमा यसअघि शुक्रबारको खेलमा पनि नेपालले केन्यालाई पराजित गरेको थियो । नेपाली सिनियर राष्ट्रिय टिमको पहिलोपटक कप्तानी गर्ने अवसर पाएका पौडेलले पहिलो सिरिज नै नेपाललाई दिलाएका छन् ।



**गोर्बाचेभको बिदाइ**

तत्कालीन सोभियत संघका अन्तिम राष्ट्रपति मिखाइल गोर्बाचेभप्रति श्रद्धाञ्जलिसभामा सहभागी हुन रुसको मस्कोस्थित हल अफ कोलम्सको भवन अगाडि लामबद्ध शोकसन्तप्त मानिसहरू। गोर्बाचेभको बिदाइमा हजारौं मानिसहरू उपस्थित भए पनि रुसी राष्ट्रपति भ्लादिमिर पुटिन अनुपस्थित रहे। गत मंगलबार ९१ वर्षको उमेरमा निधन भएका गोर्बाचेभको शनिबार अन्त्येष्टि गरिएको छ। *तस्बिरः एएफपी*

# इरानद्वारा अमेरिकी नौसेनाको जहाज कब्जा प्रयास

**वासिङ्टन–** इरानी युद्धपोतले अमेरिकी नौसेनाको जहाजहरू कब्जा गर्ने प्रयास गरेको अमेरिकी नौसेनाले जनाएको छ  यो पछिल्लो प्रयास एक हप्ताको अवधिमा भएको दोस्रो घटना भएको पाँचौं फ्लिटका प्रवक्ता टिम हकिन्सले शुक्रबार स्पुतनिकलाई बताएका छन्।

शुक्रबार अमेरिकी केन्द्रीय कमाण्ड नौसेना बलले सो घटनाको विवरणबारे विज्ञप्ति जारी गर्दै यस किसिमको प्रयासबारे आफूहरू सचेत रहेको जनाएको छ। अमेरिकी नौसेनाले एक इरानी युद्धपोतलाई सेप्टेम्बर मा अरबी खाडीमा रोकेको थियो त्यसको बदलामा दुई दिनपछि लाल सागरमा अमेरिकी पाँचौं फ्लिटद्वारा सञ्चालित दुईवटा मानवरहित सतही जहाजहरू कब्जा गरेको अमेरिकी केन्द्रीय कमाण्ड नौसेना बलले जनाएको छ।

इस्लामिक गणतन्त्र इरानको नौसेनाको जहाजले अर्को दिन अमेरिकी नौसेनालाई जहाजहरू फिर्ता गर्नुअघि अन्तर्राष्ट्रिय जलक्षेत्रमा सञ्चालित दुई अमेरिकी सेलड्रोन एक्सप्लोरर जहाजहरू कब्जामा


*सांकेतिक तस्बिर*

लिएको विज्ञप्तिमा उल्लेख गरिएको छ

ती जहाजहरू निशस्त्र थिए जसले वरपरको वातावरणको तस्बिरहरू खिचिरहेका थिए त्यसमा कुनै जोखिम नरहेको विनाकुनै घटना लगातार २०० दिनसम्म लाल सागरमा सञ्चालन भएको विज्ञप्तिमा उल्लेख छ।

अमेरिकी नौसेनाले मंगलबार इरानको रिभोलुसनरी गार्ड कोर्प्स नेवी जहाजलाई पर्शियन खाडीमा कब्जा गर्नबाट रोकेको पनि जनाएको छ। *रासस/स्पुतनिक*

# ताइवानलाई १.१ अर्ब डलरको हतियार बेच्दै अमेरिका

**वासिङ्टन–** संयुक्त राज्य अमेरिकाले शुक्रबार ताइवानलाई हारपुन साइडविन्डर क्षेप्यास्त्रसहित लगभग १.१ अर्ब अमेरिकी डलर बराबरको सैन्य उपकरण बिक्री गर्ने घोषणा गरेको छ।

डिफेन्स सेक्युरिटी कोअपरेसन एजेन्सीले वासिङ्टनले ताइवानलाई सैन्य उपकरण बेच्न स्वीकृति दिएको पुष्टि गरेको छ अमेरिकी विदेश मन्त्रालयले ताइवानको सुरक्षा क्षमताको आधुनिकीकरण गर्न अमेरिकी सुरक्षा हित प्रवर्द्धन गर्न ताइवानलाई हारपुन ब्लक मिसाइल अन्य सैन्य उपकरणको बिक्री स्वीकृत गरेको बताएको छ।

मन्त्रालयका अनुसार प्रस्तावित हातहतियारले यस क्षेत्रमा आधारभूत सैन्य सन्तुलनलाई परिवर्तन नगर्ने पनि अमेरिकाले दाबी गरेको छ अमेरिकी सभामुख न्यान्सी पेलोसीको ताइवानको विवादास्पद भ्रमणलाई लिएर वासिङ्टन बेइजिङबीच बढ्दो तनावका बीच सैन्य सामग्रीको प्रस्तावित बिक्री सार्वजनिक भएको छ।

हार्पुनहरू बोइङले तटीय-जल क्षमताका साथ उत्पादन गरेको एन्टी-सिप होमिङ मिसाइलहरू हुन्  यसअघि संयुक्त राज्य अमेरिकामा ताइपेई आर्थिक साँस्कृतिक प्रतिनिधि कार्यालय (टेक्रो)ले ६० वटा मिसाइल सम्बन्धित उपकरणहरू किन्न अनुरोध गरेको थियो।



साइडवाइन्डरहरू हावाबाट हावामा प्रहार गर्ने क्षेप्यास्त्रहरू हुन् जुन रेथियनले प्रक्षेपणपछि लक्ष्यहरूमा लक गर्न सक्ने क्षमताको साथ विकसित गरेको दाबी गरिएको छ टेक्रोले १०० वटा मिसाइल अन्य उपकरण खरिद गर्न अनुरोध गरेको थियो

वासिङ्टनमा चिनियाँ दूतावासले यस हप्ताको सुरुमा प्रस्तावित हतियार बिक्रीबारे प्रतिक्रिया दिँदै बाइडेन प्रशासनलाई हतियार बिक्री बन्द गर्न आह्वान गरेको थियो हतियार बिक्रीले ताइवान स्ट्रेटमा तनाव निम्त्याउनसक्ने भन्दै चीनले सो आग्रह गरेको थियो।

ताइवानी सेनाले बिहीबार एक अज्ञात नागरिक ड्रोनलाई गोली हानेको जनाएको छ सो ड्रोन चिनियाँ तटबाट शियु टापुको प्रतिबन्धित जलक्षेत्रको आकाशमा प्रवेश गरेको थियो ताइवानको रक्षा मन्त्रालयले विज्ञप्ति जारी गर्दै सेनाको जिनमेन रक्षा कमाण्डले शनिबार दिउँसो १२:३० बजेतिर शियु टापुको प्रतिबन्धित पानीको हवाइ क्षेत्रमा एक अज्ञात नागरिक हवाई क्यामरा प्रवेश गरेको फेला पारेको बताएको छ।

विज्ञप्तिमा भनिएको छ, 'रक्षा क्षेत्रको सुरक्षा कायम गर्न रक्षा मन्त्रालयले खोजी, अनुगमन निगरानीलाई निरन्तरता दिनेछ।'

यस्तै मंगलबार पनि ताइवानी सेनाले चिनियाँ सैन्य ड्रोनलाई ताइवान नियन्त्रित टापुमा 'प्रतिबन्धित' वायुक्षेत्रमा प्रवेश गरेपछि गोली हानेको थियो अगस्टको मध्यदेखि ताइवानमा जारी राजनीतिक सुरक्षा तनावका बीच यस वरपर यस्ता थुप्रै ड्रोनहरू उड्ने गरेको पाइएको छ। *रासस/एएनआई*

## मस्जिदमा विष्फोट हुँदा धर्मगुरूसहित १८ जना मारिए

**हेरात (अफगानिस्तान)–** पश्चिमी अफगानिस्तानको एक मस्जिदमा शुक्रबार नमाज पढिरहेका बेला भएको बम विष्फोटमा तालिबान नजिकका एक जना प्रमुख धर्मगुरूसहित १८ जनाको मृत्यु भएको छ विष्फोटनमा परी कम्तीमा २३ जना घाइते भएका छन्

हेरात सहरको गुजरगाह मस्जिदमा भएको विष्फोटपछिको भिडियोमा उक्त धार्मिकस्थलको आँगन शवले भरिएको, जमिन रगताम्मे भएको देखिन्छ भने त्यहाँबाट 'भगवान् महान् हुनुहुन्छ' त्रासमा मानिस कराउँदै भागेका देखिन्छन् अल्लाहका उपसकहरूले मस्जिद खचाखच भरिएको समयमा त्यहाँ बम विष्फोट भएको थियो।

विष्फोटमा मारिएका प्रमुख धर्मगुरू मुजिबउल रहमान अन्सारी पश्चिमा समर्थित सरकारका कट्टर आलोचक थिए उनलाई तालिबानले प्रमुख धर्मगुरूका रूपमा मानेको थियो धर्मगुरू अन्सारीको मृत्युको पुष्टि तालिबानका प्रमुख प्रवक्ता जबिहुल्लाह मुजाहिदले गरेका छन्। *रासस/एपी*

## अमेरिका–मेक्सि सीमामा ८ आप्रवासीको मृत्यु

**ह्युस्टन–** मेक्सिको अमेरिकाको टेक्सास राज्यको सीमा नदी रियो ग्रान्डेबाट बिहीबार आठ आप्रवासीको शव फेला परेको छ।

अमेरिकाको भन्सार तथा सीमा सुरक्षा विभागको विज्ञप्तिअनुसार टेक्सासको ईगल पास नजिकै नदीबाट अन्य ३७ जनाको उद्धार गरिएको छ युएस बोर्डर पेट्रोल एजेन्टहरूले छ वटा शवहरू फेला पारेका थिए भने अरू दुईवटा मेक्सिकन टोलीहरूले फेला पारेको विज्ञप्तिमा जनाइएको छ।यस क्षेत्रमा दिनभर परेको भारी वर्षाका कारण सो नदीको जलप्रवाहमा तीव्रता आएकाले उद्धारमा कठिनाइ थपिएको थियो। *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DURRAT AL MAJD GROUP

पुर्व स्वीकृति मिति २०७९/०५/१७ LT. No. 271031 चलानी नं. ६०१८६७२१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 1 | 0 | 1000 | ३४,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २६ गते (11th Sep. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .**

श्रम ईजाजत नं. ११९५/०७३/७४

Kathmandu N.P.-34,New Baneshwor, Kathmandu,BAGMATI

Tel: +01-4796201



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL SIDDIQI HOSPITALITY

पूर्व स्वीकृति मिति २०७९/०५/१६ LT. No. 270421 चलानी नं.६०१८६६७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1500 | ५२,७०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 3 | 1000 | ३५,१३५ | | | | | | | |
| 3 | Waitress | 0 | 3 | 1800 | ६३,२४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २६ गते (11th Sep. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Elite Gurkhas Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं.५३५/०६१/०६२

Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638

Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : QUALITY FURNITURE SDN BHD शहर : Sungai Rambai

पूर्व स्वीकृति मिति : २०२२/०९/०२ LT. No. 270888 चलानी नं . ६०१८६८०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 60 | 0 | 1500 | ४२,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २६ गते (11th Sep. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: निः शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)**

श्रम ईजाजत नं. १२७५/०७४/७५

Sallaghari Marg, Bansbari, Kathmandu

Tel:-+977 4372262, 4375012

Email:-skypower.rec@gmail.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल – डिल्लीबजार, फोन नं. : ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सन्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी – गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal**- पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ९६७०० | प्रति तोला – ९६२०० | प्रति तोला – १२६० |

## ‘अर्थतन्त्र सही दिशामा’



■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेलले मुलुकको अर्थतन्त्र माथि उकास्न उत्पादनमूलक र सेवा क्षेत्रमा लगानी बढोत्तरी गरिनुपर्ने बताएका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २४ औं वार्षिक साधारणसभामा पौडेलले सरकार अर्थतन्त्रलाई उकास्नेगरी आधारभूत पूर्वाधार र ठूला आयोजना निर्माणमा केन्द्रित भएकाले अबका दिनमा अर्थतन्त्र सकारात्मक दिशामा अघि बढ्ने विश्वास व्यक्त गरे ।

‘गत वर्षको हाम्रो कामसँग म ‘ह्याप्पी’ छु । राष्ट्र बैंकले सही निर्णय र नीति लिएकाले अर्थतन्त्र सही दिशामा अघि बढेको छ’, उपाध्यक्ष पौडेलले भने । उनले नेपालमा लाइसेन्स दिँदा घुस लिने प्रचलन बढेको भन्दै लाइसेन्स राजको अन्त्य गर्नुपर्ने बताए । उनले भने, ‘नेपालमा लाइसेन्स दिँदा विभिन्न खाले हल्ला हुने गरेको छ । हरेक क्षेत्रमा सिण्डिकेट छ । अनेक खालको एकाधिकर मौलाएको छ, त्यसैले लाइसेन्सराजको अन्त्य हुनुपर्छ ।’

उपाध्यक्ष पौडेलले नेपालमा पनि विस्तारै मानिसले पैसा बचत गर्ने प्रचलन सुरु भएको र त्यसले अर्थतन्त्र सुधारको बाटोमा जाने विश्वास व्यक्त गरे । पहिला नयाँ घर, घडेरी र सवारी साधनमा खर्चिने पैसा अहिले बचत गर्ने प्रवृत्ति बढेको उनको भनाइ छ । उपाध्यक्ष डा. पौडेलले अबको ५ वर्षमा केही सडक आयोजना निर्माण पूरा हुने र त्यसले पनि अर्थतन्त्र सुधारमा सहयोग पुग्ने बताए । कृषि, पर्यटनलगायत क्षेत्रमा लगानी बढाउन सक्ने हो भने दीर्घकालीन रूपमा अर्थतन्त्रमा स्थायित्व हुने उनको धारणा छ ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले मुलुकको अर्थतन्त्र सही दिशामा अघि बढिरहेको बताए । श्रम बजार खुल्दै गएको, रेमिटन्स बढेको तथा विदेशी पर्यटक आगामनमा पनि सुधार देखिएकाले अहिले चिन्तित हुने अवस्था नरहेको उनले बताए ।

गभर्नर अधिकारीले विश्वव्यापी मूल्यवृद्धिका कारण नेपालमा पनि असर परेको बताए । मङ्सिर यता सरकारले विभिन्न वस्तुको आयातमा एलसी खोल्नमा कडाइ गर्ने नीतिले बाह्य क्षेत्रमा सहज भएको उनले उल्लेख गरे । ‘तरलताको कुरा बारम्बार आउने गरेको र यो कहिले हट्ला भनेर व्यवसायीहरूले बारम्बार सोध्ने गर्नुभएको छ । लिक्विडिटीको ‘क्रक्स’ सबैलाई थाहा छ । भुक्तानी सन्तुलन घाटा गएको र बाह्य क्षेत्रमा समस्या आएका कारणले बजारबाट तरलता अन्तै गयो, तर, आन्तरिक रूपमा पैसा हामीसँगै छ । यहाँका बैंक तथा ऋण जसले लिएको उहाँहरूसँगै पैसा छ । तरलताको समस्या समधान गर्न भुक्तानी सन्तुलनको अवस्थामा सुधार आउनैपर्छ यो करेक्सन नभइकन तरलता सहज हुँदैन ।’

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालको अर्थतन्त्र सकारात्मक दिशामा रहेको र बजारमा हल्ला भएजस्तो नेपाल कुनै पनि हालतमा श्रीलङ्काको अवस्थामा जान नसक्ने भन्दै केन्द्रीय बैंकले सजकता अपनाउन जरुरी रहेको औंल्याए । सेजनका पूर्वअध्यक्षद्वय गोपाल तिवारी र गोकर्ण अवस्थी तथा निवर्तमान अध्यक्ष भिमप्रसाद गौतमले अर्थतन्त्रलाई सही दिशाबोध गराउन आर्थिक पत्रकारले सकारात्मक भूमिका खेल्नुपर्नेमा जोड दिए । सेजनका अध्यक्ष जनार्दन बरालले आर्थिक पत्रकारिताप्रति प्रोत्साहन गर्दै उनीहरूको क्षमता अधिवृद्धिमा सेजनले सशक्त भूमिका निर्बाह गर्दै आएको बताए ।

## ‘मेघौली विमानस्थल छिट्टै बन्छ’

■ प्रभाव संवाददाता

**चितवन–** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मेघौली विमानस्थल स्तरोन्नतिको काम छिट्टै सम्पन्न हुने बताएका छन् । भरतपुर महानगरपालिकाले शनिबार आयोजना गरेको मेघौली विमानस्थलको स्तरोन्नतिसम्बन्धी अन्तर्क्रियामा उनले ऐतिहासिक महत्त्व बोकेको यो विमानस्थलको काम तीव्र गतिमा अघि बढ्ने बताए ।

विमानस्थल स्तरोन्नतिका लागि सर्वेक्षण गरेर प्राविधिक रिपोर्ट तयार गर्नका लागि प्रयोग गरिने ड्रोन उडाएर कामको सुभारम्भ गर्दै उनले छिट्टै विमानस्थलको कामले पूर्णता पाउनेमा आफू विश्वस्त रहेको बताए । भरतपुर विमानस्थलको बिस्तार र मेघौली विमानस्थलको धावनमार्गको कालोपत्रसहितको स्तरोन्नतिका लागि निरन्तर लागि रहेका यसै क्षेत्रका सांसदसमेत रहेका दाहालले दुई विमानस्थलको विकाससँगै यहाँको पर्यटन क्षेत्रमा महत्त्वपूर्ण टेवा पुग्ने बताए ।

उनले भने, ‘पर्यटन विकासको दृष्टिले मेघौलीको सम्भावना प्रचुर रहेको छ ।’ निकुञ्जसँगै आदिवासी समुदायको संस्कृति र वेषभूषाले पर्यटनलाई आकर्षण गरेको उनले बताए । दाहालले भने, ‘थारु, दराई र कुमालको संस्कृति एवं परम्परासँगै निकुञ्ज हुनुका कारणले अपार सम्भावना र चुनौती दुवै छ ।’

वन्यजन्तुबाट जनताको सुरक्षाका निम्ति नयाँ प्रविधिको प्रयोग गर्ने विषयमा छलफल चलिरहेको उनले बताए । उनले भने, ‘प्रधानमन्त्री, अर्थमन्त्री र वन तथा वातावरणमन्त्रीसँग कुराकानी भइरहेको छ । भारतमा जस्तै यहाँ पनि नयाँ प्रविधिको प्रयोग गर्ने कुरा भइरहेको छ ।’ भारतमा वन्यजन्तुबाट जनताको सुरक्षाका लागि विशेष प्रकारको संयन्त्र विकास भएको भन्दै उनले यसका लागि केही करोड बजेट भए पुग्ने बताए ।




आफूले नारायणी तटबन्ध, चक्रपथ, भरतपुरदेखि मेघौलीसम्मको सहायक राजमार्ग, मङ्गलपुरदेखि मेघौलीसम्मको सडकको स्तरोन्नतिलगायत महत्त्वपूर्ण विकास निर्माणमा जोड दिएको अध्यक्ष दाहालले बताए । मेघौलीलाई विशेष आर्थिक र पर्यटन क्षेत्रका रूपमा विकास गर्ने काम तीव्र गतिमा अघि बढेको उनले बताए ।

गोलाघाटमा पुल निर्माण युनेस्कोका कारण रोकिएको भन्दै उनले त्यसका लागि पनि पत्राचार गरिएको जानकारी दिए । राप्ती, रिउ र नारायणी नदीको सङ्गमस्थल पर्यटकीय हिसाबले महत्त्वपूर्ण रहेको उनले बताए । आफू ११/१२ वर्षको हुँदा मेघौली विमानस्थलमा जहाज आएको र गएको समयलाई खाजा खाने समय सूचक बनाउने गरेको स्मरण उनले गरे ।

कार्यक्रममा महानगरपालिका प्रमुख रेनु दाहालले भरतपुर र मेघौली विमानस्थलको कामसँगै अघि बढेको भन्दै यसले महानगरको आर्थिक विकासमा ठूलो टेवा पुग्ने बताइन् । पहिलो कार्यकाल थाल्दादेखि नै विमानस्थल बिस्तारको कामलाई प्राथमिकतामा राखेकी दाहालले यसले यहाँको विकासमा फड्को मार्न सहयोगी बन्ने बताइन् । उनले भनिन्, ‘हाम्रो निरन्तरको प्रयास सार्थकतामा पुग्दैछ ।’

सोही अवसरमा नागरिक उ•यन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले मेघौली विमानस्थल गुणस्तरीय पर्यटक चार्टर गर्ने महत्त्वपूर्ण विमानस्थलका रूपमा विगतमा परिचित रहेको बताए । भरतपुर विमानस्थल र मेघौली विमानस्थलको काम अघि बढेको भन्दै उनले यसले चितवनको विकासमा ठूलो सहयोग पुऱ्याउने बताए । मेघौलीको सर्भे सकिएसँगै लागत निकालेर बोलपत्र आह्वान गरिने उनले जानकारी दिए ।

कार्यक्रममा भरतपुर महानगरपालिकाका पर्यटक विज्ञ सल्लाहकार डा. विश्वराज सुवेदीले मेघौलीको पर्यटकीय महत्त्वकाबारेमा प्रकाश पारेका थिए । सरकारले चितवन निकुञ्जभित्र होटल सञ्चालन गर्न नपाउने नीति बनाएपछि विसं २०६७ को मङ्सिरदेखि विमानस्थल बन्द भएको हो । त्यसयता विमानस्थलमा फाट्टफुट्ट उडान हुने गरे पनि नियमित छैन । विसं २०१७ मा विमानस्थल स्थापना भएपछि निकुञ्जभित्र रहेको टाइगरटप्स जङ्गल लजमा आउने पाहुना ल्याउन विमानले उडान भर्दै आएका थिए ।

कुनै बेला मेघौली विमानस्थलमा १० वटासम्म जहाज उड्ने उत्रने गर्दथे । सदरमुकाम भरतपुरबाट २४ किलोमिटर पश्चिमको मेघौली विमानस्थल २३ बिघा जमिनमा फैलिएको छ । विमानस्थलमा एक हजार ६५ मिटर लामो घाँसे धावनमार्ग छ । विमानस्थलको धावनमार्गमा कालोपत्र गरेर ट्र्मिनल व्यवस्थित गर्न लागिएको हो । विमानस्थलमा होटल टाइगरटप्स रहुञ्जेल अन्तर्राष्ट्रिय हात्तीपोलो खेलसमेत हुने गरेको थियो । अहिले मेघौलीमा हात्तीपोलो खेल पनि बन्द भएको छ । मेघौलीदेखि जगतपुरसम्मका क्षेत्रमा राम्रा र ठूला ५० बढी पर्यटकीय होटल छन् ।

## कर्पोरेट

### बिओकेको एटिएममा मास्टरकार्डबाट कारोबार




**काठमाडौं (प्रस)–** बैंक अफ काठमाण्डू लिमिटेडको सम्पूर्ण एटिएमबाट मास्टरकार्ड प्रयोग गरी नगद निकाल्न तथा बैंकको पीओएसहरूमा मास्टरकार्ड प्रयोग गरी भुक्त( ानीहरू गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मास्टरकार्ड प्रयोगकर्ता महानुभावहरूले अब उपरान्त बैंकको जुनसुकै एटिएम तथा बैंकका पीओएस मर्चेन्टहरू मार्फत कारोबार गर्न सक्नुहुनेछ । यस बैंकको एटिएम तथा पीओएसहरूमा हाल भिसा र युनियन पे को नेटवर्कबाट जारी भएको कार्डहरू मात्र कारोबार गर्न मिल्ने थियो । यस सम्झौताले हाल प्रयोगमा भएका भिसा र युनियन पे सहित मास्टरकार्डको नेटवर्कबाट जारी भएका सम्पूर्ण कार्डहरूको भुक्तानी बैंकको सबै एटिएम तथा पीओएस को माध्यमबाट गर्न सकिने छ । साथै, उक्त सम्झौता अनुशार बैंक अफ काठमाण्डू लिमिटेडले मास्टरकार्डसंग सहकार्य गरी निकट भविष्यमा नै मास्टरकार्ड जारी गरी आफ्नो ग्राहक महानुभावहरूलाई मास्टरकार्ड उपलब्ध गराउने छ ।

अब उपरान्त मास्टरकार्ड बाहक महानुभावहरूले बैंक अफ काठमाण्डूले विभिन्न स्थानमा राखेको एटिएम तथा विभिन्न होटलहरू, रेस्टुरेन्टहरू, फिटनेस सेन्टरहरू, स्टोरहरू, अस्पतालहरू, स्वास्थ्य क्लिनिकहरू, ईन्स्टिच्युटहरू लगायत अन्य धेरै स्था( नहरूमा सेवा तथा सुबिधा पश्चात् आफुसंग भएको मास्टरकार्ड प्रयोग गरी भुक्तानी गर्न सक्नुहुनेछ । हालसम्म बैंक अफ काठमाण्डू लिमिटेडले १०३ शाखा कार्यालयहरू, ९७ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहक महानुभावहरूलाई उत्कृष्ट बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आईरहेको छ ।

### माछापुच्छ्रेको एम–स्मार्ट बचत खाता

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

**काठमाडौं (प्रस)–** माछापुच्छ्रे बैंकले अत्याधुनिक प्रविधिमा आधारित एम-स्मार्ट बचत खाता संचालनमा ल्याएको छ । उक्त सुविधा अर्न्तगत ग्राहकले घरमै बसेर बैंकको मोबाईल बैंकिंगबाट माछापुच्छ्रे बैंकमा खाता खोल्न सकिनेछ । बिज्ञान र प्रविधिले हरेक सेवा र सुविधा सहज बनाई रहेको अहिलेको परिवेशमा खाता खोल्नका लागि बैंकसम्म पुग्नुपर्ने झन्झटबाट ग्राहकलाई मुक्ति दिने उद्देश्यले बैंकले उक्त सुविधा संचालनमा ल्याएको हो । माछापुच्छ्रे बैंकले ग्राहकलाई बैंकसम्म आउनु नै नपर्ने गरि मोवाइल बैंकिङ्ग एप मार्फत खाता खोल्ने, आफ्नो बचत खातामा रहेको रकमलाई मुद्दती खातामा रूपान्तरण गर्ने र सोही मुद्दती खातामा प्राप्त गर्ने सुविधा र सरल तरिकाबाट आफुले चाहेको समयमा लिन सक्ने गरि आफ्ना सेवा सुविधाहरूलाई डिजिटल मा( ध्यममा रूपान्तरण गरिसकेको छ ।

## ‘सरकारले पर्यटन क्षेत्रलाई सधैं महत्त्व दिएको छ’

**काठमाडौं (प्रस)–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव सुरेश अधिकारीले सरकारले पर्यटन क्षेत्रलाई सधैं महत्त्व दिएको बताएका छन् । पदयात्रा पर्यटन व्यवसायीको छाता सङ्गठन ट्रेकिङ एजेन्सीज् एशोसिएन अफ नेपाल (टान)को ४४ औं वार्षिक साधारण सभाबाट निर्वाचित कार्यसमितिको शपथ ग्रहण तथा पदभार हस्तान्तरण कार्यक्रममा बोल्दै उनले निजी क्षेत्रसँगको सहकार्य र सहभागिता बिना पर्यटन क्षेत्रको विकास हुन नसक्ने बताएका हुन् ।



‘कोरोना महामारीबाट थलिएको नेपालको पर्यटन क्षेत्रलाई पुनःउत्थान गर्नका लागि पर्यटन मन्त्रालयले ७३ बुँदे कार्ययोजना अगाडि सारेको छ, उक्त कार्ययोजनाको कार्यान्वयन गर्नका लागि निजी क्षेत्रको महत्त्वपूर्ण योगदान आवश्यक रहन्छ’, उनले भने ।

सचिव अधिकारीले पर्यटन क्षेत्रको विकासका लागि व्यापक पूर्वाधार विकासको आवश्यकता रहेको औंल्याए । व्यवसायीसँगको छलफलमा पर्यटन मन्त्रालयले सन् २०२३ देखि २०३३ सम्मलाई भ्रमण दशक मनाउने योजना अगाडि सारेको उनले उल्लेख गरे । पर्वतीय पर्यटन क्षेत्रमा देखिएका समस्या समाधानका लागि मन्त्रालय टानसँग सहकार्य गर्न तयार रहेको उनको भनाइ थियो ।

नेपाल पर्यटन वोर्डका उपाध्यक्ष चन्द्रप्रसाद रिजालले पर्यटन क्षेत्रमा देखिएका समस्या समाधान गर्न सबै एकजुट भएर अगाडि बढ्नुपर्ने धारणा राखे । नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष निमा नुरु शेर्पाले पर्यटन क्षेत्रको पुनःउत्थान गर्नका लागि निजी क्षेत्र र सरकारबीच सहकार्य हुनुपर्ने धारणा राखे ।

टानका निवर्तमान अध्यक्ष खुमबहादुर सुवेदीले भने, ‘कोरोनाबाट थलिएको पर्यटन क्षेत्रलाई पुनःउत्थान गर्दै बढीभन्दा बढी पर्यटक भित्र्याउन लागि व्यवसायी एकताबद्ध भएर लागौं ।’

टानका नवनिर्वाचित अध्यक्ष नीलहरि बाँस्तोला, महासचिव बाबु सापकोटा, कोषाध्यक्ष पुरुषोत्तम तिमल्सिनाले आम मतदाताले दिएको भोट र विश्वासलाई आफूहरूले गुम्न नदिने बताए । उनीहरूले निर्वाचनमा पराजित साथीहरूको एजेन्डालाई समेत समावेश गरेर आफूहरू अगाडि बढ्ने विश्वास व्यक्त गरे ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ